अख्तियार इ-बुलेटिन

बर्ष १५ अंक ३ जेठ , २०७७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल, काठमाडौं ।



सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका निमित्त भए गरेका काम, हासिल भएका उपलब्धी तथा आयोगका गतिविधिसमेत समेटी विगत १५ बर्ष देखि चौमासिक रुपमा **"अख्तियार बुलेटिन"** प्रकाशन हुँदै आएको छ । यसै सन्दर्भमा यसलाई चालु आ.व. २०७६/७७ को प्रथम अङ्क देखि इ-बुलेटिनको रुपमा प्रकाशन गर्न शुरु गरिएकोमा दोस्रो अङ्कबाट त्रैमासिक रुपमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत स्वतः प्रकाशन हुनुपर्ने विषयवस्तुसमेत यसै बुलेटिनबाट प्रकाशन हुनेगरी आयोगको वेवसाइट www.ciaa.gov.np बाट प्रकाशन हुन थालेको कुरा सम्बन्धित सबैमा पुनः सहर्ष अनुरोध गर्दछौं ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी अदालतमा मुद्दा दायर समेत गर्ने

क्रमश...

प्रकाशन तथा सम्पादन

सूचना समन्वय शाखा

नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

टंगाल, काठमाण्डौं

यस अंकमा

- आयोगको २९औं बार्षिक स्थापना दिवस सम्पन्न
- उजुरी दर्ता र कारबाहीको विवरण
- रङ्गेहात कारबाही तथा मुद्दा दायर विवरण
  - २०७६ माघ देखि चैत्र सम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण
  - २०७६ माघ देखि चैत्र सम्म दायर मुद्दाहरुको विवरण
  - २०७६ माघ देखि चैत्र सम्म आयोगबाट पुनरावेदन विवरण
- अन्तरक्रिया कार्यक्रमहरु
  - सुनसरी, इलाम, डोटी, धनकुटा, सप्तरी, अछाम, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न
- विद्यालय अनुशिक्षण कार्यक्रम सम्पन्न
- आयोगबाट भएको संस्थागत क्षमता विकास सम्बन्धी अन्य कार्यको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण
- अनुसूचीहरु

पछिल्लो ३ वर्षमा दायर मुद्दाको तुलनात्मक अवस्था



http://www.ciaa.gov.np इमेलः akhtiyar@ntc.net.np फोन नं. ०१-५२६२१५१,०१-४२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

आयोगका पदाधिकारीहरु



माननीय प्रमुख आयुक्त
नवीनकुमार घिमिरे



माननीय आयुक्त
डा. गणेशराज जोशी



माननीय आयुक्त
डा. सावित्री थापा गुरुङ



श्रीमान् सचिव
सुरेश अधिकारी

सम्पादक समूह

सचिव श्री सुरेश अधिकारी	: अध्यक्ष
सहसचिव श्री प्रदीपकुमार कोइराला	: सदस्य
उपसचिव श्री गणेश बहादुर अधिकारी	: सदस्य
शाखा अधिकृत श्री रामहरी पाण्डे	: सदस्य
तथाङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे	: सदस्य
जनसम्पर्क तथा संचार विज्ञ श्री शरद अधिकारी	:सल्लाहकार

सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका निमित्त भए गरेका काम, हासिल भएका उपलब्धि तथा आयोगका गतिविधिसमेत समेटी विगत १५ वर्षदेखि चौमासिक रूपमा **"अख्तियार बुलेटिन"** प्रकाशन हुँदै आएको छ । यसै सन्दर्भमा यसलाई चालु आ.व. २०७६/७७ को प्रथम अङ्कदेखि इ-बुलेटिनको रूपमा प्रकाशन गर्न सुरु गरिएकोमा दोस्रो अङ्कबाट त्रैमासिक रूपमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत स्वतः प्रकाशन हुनुपर्ने विपयवस्तुसमेत यसै बुलेटिनमार्फत आयोगको वेबसाइट www.ciaa.gov.np बाट प्रकाशन हुन थालेको कुरा सम्बन्धित सबैमा पुनः सहर्ष अनुरोध गर्दछौं ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी अदालतमा मुद्दा दायरसमेत गर्ने जिम्मेवारीका साथ नेपालको संविधानबमोजिम स्थापना भएको महत्वपूर्ण संवैधानिक अङ्ग हो । राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सहज एवं सरल पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्यका साथ आफ्नो संवैधानिक जिम्मेवारी निभाउन आयोग सदैव कटिबद्ध रहेको छ ।

सन् २०१९ को अन्त्यतिरबाट विश्वभर देखापरेको कोभिड-१९ को महामारी र त्यससँग जुँध्न नेपाल सरकारले वि.स. २०७६ चैत ११ गतेबाट देशभर लागू हुने गरी गरेको बन्दाबन्दी (lockdown) को कारण आयोगको कार्य सम्पादनमा अचानक गत्यावरोध उत्पन्न भएको र परिणामस्वरूप चैत महिनाको उपलब्धि अनपेक्षित रूपमा न्यून हुन गएबाट आयोगको यस त्रैमासिक अवधिको प्रगतिसमेतमा प्रतिकूल प्रभाव परेको देखिएको छ । यद्यपि आयोगले बन्दाबन्दीको बीचमा पनि नेपाल सरकारको आदेशको प्रतिकूल नहुने गरी सामाजिक भौतिक दूरी राख्दै र स्वास्थ्यसम्बन्धी सबै सतर्कता अपनाउँदै उजुरी लिने एवं अनुसन्धानसम्बन्धी कामहरू गरी नै रहेको छ ।

यस आयोगमा चालु आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रैमासिक अवधिमा मात्र ३,५६८ वटा उजुरी परेको एवं चालु आ.व. को ९ महिनाको अवधिमा गत वर्षको जिम्मेवारी सरिआएको समेत जम्मा २२,००२ वटा उजुरीमाथि छानबिन गर्नुपर्ने अवस्था रहेको र सो मध्ये चैत मसान्तसम्म जम्मा १२,४०७ वटा उजुरी फछ्यौंट गरी जम्मा ९,५९५ वटा उजुरी फछ्यौंट हुन बाँकी रहेको अवस्था छ ।

यस आयोगबाट चालु आ.व. को यस त्रैमासिक अवधिमा ११४ वटा आरोपपत्र विशेष अदालतमा दायर गरिएकोमा चैत महिनामा जम्मा १७ वटा आरोपपत्र दर्ता हुन सकेको र ३७ वटा रंगेहात कारबाही भएकोमा चैत महिनामा जम्मा ५ वटा त्यस्ता कारबाही हुन सकेको तथ्यांक देखिएको छ । यस अवधिमा अभियोजनतर्फ जम्मा ११४ वटा मुद्दामार्फत ३८१ जनालाई प्रतिवादी बनाई बिगो रु. ८६,०४,१२,३३६।- को मागदाबी लिइएको छ भने रंगेहात कारबाहीतर्फ जम्मा ३७ वटा कारबाहीबाट ५३ जनालाई नियन्त्रणमा लिई जम्मा रु.४२,६७,५००।- जफत भएको छ ।

यस त्रैमासिक अवधिमा आयोगले अख्तियार दिवसको रूपमा आफ्नो २९ औं स्थापना दिवस भव्यतापूर्वक सम्पन्न गरेको छ । सो अवसरमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू तथा देशका राजनीतिक, आर्थिक, सामाजिक समुदायका लब्धप्रतिष्ठित व्यक्तित्वहरू उपस्थित भई आयोगलाई आफ्नो गन्तव्यमा दृढताका साथ लागिरहन थप उत्साह प्रदान गर्नुभएको थियो ।

यसका साथै आयोगले यस अवधिमा भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा आयोगको संस्थागत सुदृढीकरणका महत्वपूर्ण गतिविधिहरू सम्पादन गरेको छ ।

यसै अवधिमा आयोगले नेपालको संविधानद्वारा आयोगलाई प्राप्त जिम्मेवारी र अधिकार तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धतासमेतलाई दृष्टिगत गरी अख्तियार दुरुपयोग र भ्रष्टाचार माथिको अनुसन्धानलाई फराकिलो बनाउने उद्देश्यका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (तेस्रो संशोधन) विधेयक र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन) विधेयकको मस्यौदा गरी नेपाल सरकारसमक्ष पठायो । यी दुवै विधेयक हाल सम्मानित संसद्मा विचाराधीन रहेका छन् ।

अन्त्यमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्दै आएका कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभारसहित धन्यवाद अर्पण गर्दछौं। आफ्नो नजिक भएगरेका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारसम्बन्धी सूचनाहरू सदाझैं आफूलाई पायक पर्ने आयोगका कार्यालयहरूमा जानकारी गराउन र असल नागरिकको कर्तव्य निर्वाह गर्न सबैमा अनुरोध गर्दछौं ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यको प्रगति
माघ-चैत, २०७६

१. उजुरी र फछ्यौंटको अवस्था

चालु आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रैमासिक अवधिमा ३,५६८ वटा उजुरी परेका छन्। गत आ.व. बाट जिम्मेवारी सरेर आएका र यस आ.व. को दोस्रो त्रैमासिकसम्मको कुल उजुरी १८,४३४ समेतका आधारमा यस अवधिमा कुल जम्मा २२,००२ वटा उजुरीमाथि छानबिन गर्नुपर्ने अवस्था रहेकोमा जम्मा १२,४०७ वटा उजुरी फछ्यौंट गरी ९,५९५ वटा उजुरी फछ्यौंट हुन बाँकी रहेको अवस्था छ । आयोगमा परेका उजुरीको संख्या हेर्दा प्रतिदिन औसत ८१ वटाका दरले उजुरी पर्ने गरेको देखिन्छ। आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले कारबाही एवं फछ्यौंट गरी फछ्यौंट हुन बाँकी उजुरीको संख्यात्मक विवरण देहाय अनुसार छः-

उजुरी फछ्यौंट तथा बाँकीको विवरण

विवरण	आ.व. २०७६/७७ मा उजुरी संख्या	फछ्यौंट					जम्मा फछ्यौंट	फछ्यौंट हुन बाँकी
		विस्तृत अनुसन्धान	आयोग बाट तामेली (सुझाव सहित तामेली समेत)	आयोगका कार्यालयहरूमा प्रेषित	कारबाहीका लागि अन्य कार्यालयमा लेखी पठाएको	अन्य उजुरीमा गाभिएको		
गत वर्षको अ.ल्या. उजुरी	८५५८	०	०	०	०	०	०	०
प्रथम त्रैमासिकको प्रगति	५६५३	२९३	२,४०२	५०९	९९५	४८०	४६७९	
असोज मसान्तसम्मको जम्मा	१४२११	२९३	२,४०२	५०९	९९५	४८०	४६७९	९५३२
दोस्रो त्रैमासिकको प्रगति	४२२३	३५७	२१०७	४०७	६६३	४२४	३९५८	
पुस मसान्तसम्मको जम्मा	१८४३४	६५०	४५०९	९१६	१६५८	९०४	८६३७	९७९७
तेस्रो त्रैमासिकको प्रगति	३५६८	२९४	२४२३	३९२	३७१	२९०	३७७०	
चैत मसान्तसम्मको जम्मा	२२००२	९४४	६९३२	१३०८	२०२९	११९४	१२४०७	९५९५

चालु आ.व.को ९ महिनाको उजुरी फछ्यौंटको अवस्था वृत्तचित्र (Pie Chart) मा निम्नानुसार देखिन्छ।



२. भ्रष्टाचार नियन्त्रणका लागि आयोगबाट भएका कार्यहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा छुट्टै व्यवस्था गरी आयोगलाई भ्रष्टाचार नियन्त्रणका लागि दण्डात्मक कार्यका साथै निरोधात्मक र प्रवर्द्धनात्मक कार्यसमेत गर्ने जिम्मेवारी प्रदान गरेको छ । उक्त ऐन र आयोगको चालु संस्थागत रणनीतिक योजनाअनुसार आयोगले चालु आ.व. २०७६/७७ को तेस्रो त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यहरूको विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

२.१ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको दण्डात्मक कार्यको विवरणः-

क) मुद्दा दायरी

चालु आ.व. २०७६/०७७ को तेस्रो त्रैमासिक अवधि माघदेखि चैत मसान्तसम्म आयोगले सम्मानित विशेष अदालतमा जम्मा ११४ वटा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको छ । जसको विवरण देहायबमोजिम छः

क्र.स.	मुद्दाको किसिम	महिना			जम्मा
		माघ	फागुन	चैत	
१	अकुत सम्पत्ति	१	१	०	२
२	आर्थिक हिनामिना	६	१७	०	२३
३	शैक्षिक प्रमाणपत्र	७	१७	९	३३
४	रंगेहात आरोपपत्र	२०	१५	७	४२
५	अन्य आरोपपत्र	४	९	१	१४
जम्मा		३८	५९	१७	११४

यस त्रैमासिक अवधिमा दायर भएका मुद्दाहरु मध्ये अकुत सम्पत्ती सम्बन्धी २ वटा (१.७५%), आर्थिक हिनामिना सम्बन्धी २३ वटा (२०.१८%), शैक्षिक प्रमाणपत्र सम्बन्धी ३३ वटा (२८.९५%), रंगेहात पत्राउ परेका सम्बन्धी ४२ वटा (३६.८४%) र सो बाहेह अन्य १४ वटा (१२.२८%) मुद्दाहरु रहेको देखिन्छ । रु. १ करोडभन्दा बढी रकम विगो दावी लिइएका ५ वटा मुद्दाहरु यसै अवधिमा दर्ता भएको छ ।

दायर मुद्दाको किसिमको आधारमा ३ महिनाको अवस्था निम्नानुसार देखिन्छ :-



आयोगले चालु आ.व. को यस त्रैमासिक अवधिमा ११४ वटा आरोपपत्रहरू विशेष अदालतमा दायर गरेकोमा २०७५/७६ को सोही अवधिमा जम्मा ९१ वटा र आ.व. २०७४/७५ को सोही अवधिमा जम्मा ३३ वटा आरोपपत्रहरू विशेष अदालतमा दायर भएका थिए । आयोगले पछिल्लो तीन वर्षमा विशेष अदालतमा दायर गरेका मुद्दाहरूको तुलनात्मक विवरण निम्नानुसार छ :-

आयोगले विशेष अदालतमा दायर गरेका मुद्दाहरूको ३ वर्षको तुलनात्मक विवरण

आरोपपत्र	महिना												जम्मा
	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत	वैशाख	जेठ	असार	
२०७६/०७७	२९	४९	४०	२०	३८	५४	३८	५९	१७	*	*	*	* ३४४
२०७५/०७६	२४	२६	२८	२३	१९	१७	२५	३६	३२	२९	४३	४९	**३५१**
२०७४/०७५	१५	१५	९	१४	११	१४	१०	९	५	१९	४२	३०	**१९२**

माथि प्रस्तुत विवरणबाट आयोगले चालु आ.ब. २०७६/७७ को ९ महिनाको अवधिमा जम्मा ३४४ वटा आरोपपत्रहरु सम्मानित विशेष अदालतमा दायर गरेको देखिन्छ । जब कि गत आ.ब. २०७५/७६ को सोही अवधिमा आयोगले दायर गरेको आरोपपत्रको संख्या २३० वटा र आ.ब. २०७४/७५ को सोही अवधिमा दायर गरेको आरोपपत्रको संख्या १०१ वटा रहेको देखिन्छ । सम्मानित विशेष अदातलमा दायर भएको चालु आ.ब.को आरोपपत्रको यो संख्या आ.ब. २०७५/७६ को भन्दा ११४ र आ.ब. २०७४/७५ को भन्दा २४३ ले बढी हो ।

पछिल्लो ३ वर्षमा दायर मुद्दाको तुलनात्मक अवस्था निम्नानुसार देखिन्छ :-



चालु आ.व. को यस त्रैमासिक अवधिमा विशेष अदालतमा आरोपपत्र दायर गरिएका ११४ वटा मुद्दामा जम्मा ३८१ जनालाई प्रतिवादी बनाई बिगो रु. ८६,०४,१२,३३६।- को मागदाबी लिइएको छ । साथै प्रतिवादीहरूको विवरण हेर्दा राष्ट्रसेवक कर्मचारीको संख्या २०९ र अन्यको संख्या १७२ देखिन्छ। राष्ट्रसेवक कर्मचारीहरु मध्ये विशिष्ट श्रेणी सरहका ४ जना, रा.प.प्रथम श्रेणी सरहका ५ जना तथा पूर्व उप-प्रधानमन्त्री लगायतका २५ जना निर्वाचित/मनोनित पदाधिकारीहरु एंव ९ जना विचौलियाहरु विरुद्ध समेत आरोपपत्र दर्ता भएको देखिन्छ ।

दायर भएका मुद्दाका प्रतिवादीहरूको दर्जा र पेसागत विवरण देहाय अनुसार छः-

क्र.स.	आरोपीहरू	महिना			जम्मा
		माघ	फागुन	चैत	
१	विशिष्ट श्रेणी वा सरह	३	१	०	४
२	रा.प. प्रथम श्रेणी सरह	५	०	०	५
३	रा.प. द्वितीय श्रेणी सरह	१८	२०	२	४०
४	रा.प. तृतीय श्रेणी सरह	३८	२१	३	६२
५	रा.प.अनंकित कर्मचारी	३३	४८	११	९२
६	श्रेणी विहीन	२	२	२	६
राष्ट्रसेवक कर्मचारी जम्मा		९९	९२	१८	२०९
राष्ट्रसेवक कर्मचारी बाहेक अन्य					
७	निर्वाचित/मनोनीत पदाधिकारी	११	१३	१	२५
८	व्यवसायी/विचौलिया	२	१	६	९
९	अन्य	१२५	१२	१	१३८
अन्य जम्मा		१३८	२६	८	१७२
जम्मा		२३७	११८	२६	३८१

यस अवधिमा विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको विवरण निम्नानुसार रहेको छ :-

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
११४	चैत ०९	५५० १२/०७	वडाध्यक्ष श्रवण कुमार यादव	जिल्ला रुपन्देही समरीमाई गाउँपालिका वडा नं. ५	जग्गाको चार किल्ला सिफारिस गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	७०,०००	रंगेहात
११३	चैत ०७	५४८ १२/०४	खरिदार टेकबहादुर श्रेष्ठ,लेखापढी व्यवसाय तिर्थराज गिरी	जिल्ला प्रशासन कार्यालय, मोरङ	सेवाग्राहीको नागरिकता प्रमाण-पत्रमा भारतीय सेनामा कार्यरत रहेको कागजात अनुसार नाम र जन्म मिति सच्याउन घुस माग	६,००,०००	अन्य
११२	चैत ०७	५४१ १२/०३	इलेक्ट्रिसियन शंकर बहादुर तामाङ	नेपाल विद्युत प्राधिकरण, हेटौंडा वितरण केन्द्र, हेटौंडा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाण-पत्र

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
१११	चैत ०७	५४० १२/०३	शिक्षक राम नारायण यादव	श्री माध्यमिक विद्यालय, लगडी गदियानी, सिरहा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाण-पत्र
१००	चैत ०७	५४२ १२/०३	हेल्पर लोकनाथ खनाल	नेपाल विद्युत् प्राधिकरण, ग्रिड महाशाखा, चौकीटोल, हेटौंडा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाण-पत्र
१०९	चैत ०७	५३९ १२/०३	शिक्षक जितेन्द्र कुमार झा	सूर्योदय उच्च माध्यमिक विद्यालय, हुम्ला	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
१०८	चैत ०७	५३७ १२/०३	सुपरभाइजर महन्थ मण्डल	नेपाल विद्युत प्राधिकरण जलेश्वर महोत्तरी	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
१०७	चैत ०७	५३८ १२/०३	शिक्षक नारायण शर्मा	श्री साझापुर उच्च माध्यमिक विद्यालय, मेघौली-४, चितवन	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
१०६	चैत ०७	५४३ १२/०३	कार्यालय सहयोगी हेलन गुरुङ	भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
१०५	चैत ०७	५४९ १२/०६	कार्यालय सहयोगी महेन्द्र यादव	उच्च सरकारी वकिल कार्यालय, बुटवल	ठगीसम्बन्धी मुद्दाको बन्दी प्रत्यक्षीकरणमा सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग	१५,०००	रंगेहात
१०४	चैत ०५	५४७ १२/०४	प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद पौडेल र टेक्निसियन चित्रबहादुर के.सी.	भेरीगंगा नगरपालिका, सुर्खेत	झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न पश्चात भुक्तानीमा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस/रिसवत माग	२,००,०००	रंगेहात
१०३	चैत ०४	५३३ १२/०३	प्रहरी सहायक निरीक्षक बाबुलाल लामा, बिचौलिया रविन्द्र प्रजा, अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डल	महानगरीय प्रहरी वृत जनसेवा, काठमाडौं	हिरासतमा रहेका रुवेश महरालाई छुटाई दिन घुस/रिसवत लेनदेन	२,००,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
१०२	चैत ०४	५२९ १२/०३	सर्भेक्षक यामबहादुर खत्री, लेखापढी व्यवसायी प्रताप के.सी. एवं निजकी श्रीमती शारदा कुमारी के.सी.	नापी कार्यालय, बाँके	जग्गा हालसाविक गरिदिएबापत सेवाग्राहीसँग घुस/रिसवत माग	३५,०००	रंगेहात
१०१	चैत ०४	५२८ १२/०३	इलेक्ट्रिसिएन भेषबहादुर पौडेल	नेपाल विद्युत् प्राधिकरण केन्द्रीय वर्कसप हेटौंडा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाण-पत्र
१००	चैत ०४	५२७ १२/०३	नि. डिभिजन प्रमुख इ.सुरेशराज भट्ट	जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, पाटन, बैतडी	चमेलियाखोला तटबन्ध नियन्त्रण निर्माण योजनाको कामको सम्झौता गर्न आलटाल तथा ढिलासुस्ती गरी हाल उक्त सम्झौता गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग	१,००,०००	रंगेहात
९९	चैत ०३	५१९ ११/२२	शिक्षक छोटेलाल ठाकुर	श्री राम्चे आधारभूत विद्यालय मराङ, म्याग्दी	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
९८	चैत ०२	५२६ ११/३०	सव-इन्जिनियर गणेश ठकुल्ला	काठमाडौं महानगरपालिका विपद व्यवस्थापन विभाग बबरमहल	सेवाग्राहीसँग घर निर्माण सम्पन्न गरी दोस्रो र तेस्रो किस्ताको रकम निकासा गर्ने प्रयोजनका लागि घुस/रिसवत लिएको	२०,०००	रंगेहात
९७	फागुन ३०	५२२ ११/२२	तत्कालीन इन्जिनियर श्रीकृष्ण खनाल र तत्कालीन सव-इन्जिनियर प्रमोदकुमार उप्रेती	जिल्ला शिक्षा कार्यालय म्याग्दी	श्री सूर्य ज्योति आधारभूत विद्यालयमा भवन निर्माणको क्रममा घुस लिएको	७०,०००	अन्य
९६	फागुन ३०	५२५ ११/३०	रेन्जर (अधिकृतस्तर) राम अशिष यादव	जिल्ला महोत्तरी, जलेश्वरनाथ सव-डिभिजन वन कार्यालय बखरी महोत्तरी	पक्राउ परेको काठसहितको ट्रयाक्टर छिट्टै छाडिदिने भनी घुस दिन बाध्य बनाई घुस/रिसवत लिएको	१५,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
९५	फागुन २९	५२४ ११/२९	वडा सचिव (खरिदार) सुशील ठाकुर	जिल्ला धनुषा, धनौजी गाउँपालिका २ नं. वडा कार्यालय	जन्म प्रमाणित सिफारिस गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत लिएको	२०,०००	रंगेहात
९४	फागुन २७	५०६ ११/२२	राहत शिक्षक (प्रधानाध्यापक) कलापति देवी अवस्थी	श्री भूमिराज प्राथमिक विद्यालय बडम डडेल्धुरा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
९३	फागुन २७	५१४ ११/२२	सहायक वन अधिकृत कृष्णबहादुर देवकोटा	डिभिजन वन कार्यालय नवलपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	टेण्डरको काठ उठाए बापत सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत लिएको	२,००,०००	रंगेहात
९२	फागुन २३	५०७ ११/२२	शिक्षिका पवनदेवी यादव	श्री युवा प्राथमिक विद्यालय, गोइठी टिकुलिया, महोत्तरी	नक्क्ली अध्यापन पत्र रहेको	-	नक्कली
९१	फागुन २३	५०९ ११/२२	ना.सु. प्रेम सिंह कार्की	जिल्ला हुलाक कार्यालय, कञ्चनपुर	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाण-पत्र
९०	फागुन २३	५११ ११/२२	इन्जिनियर शेर बहादुर सुनार	नेपाल विद्युत प्राधिकरण सिन्धुली वितरण केन्द्र बुद्धनगर सिन्धुली	कार्यालय भवनको तला थप गर्ने कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानीको क्रममा सेवाग्राहीसँग घुस/रिसवत लिएको	७५,०००	रंगेहात
८९	फागुन २३	५१० ११/२२	असिस्टेन्ट सव-इन्जिनियर विष्णु कुमार राई	भोजपुर जिल्ला आमचोक गाउँपालिका	हायुखोला खानेपानी योजनाको बिल फरफारक गरिदिने प्रयोजनका लागि घुस लिएको	५,०००	रंगेहात
८८	फागुन २३	५०८ ११/२२	सशस्त्र प्रहरी निरीक्षक खगेन्द्र चापागाईं	सशस्त्र प्रहरी बल बि.ओ.पी. टांघनडुब्बा, झापा	व्यापार व्यवसायमा सहजीकरण गरिदिने प्रयोजनका लागि घुस/रिसवत माग गरेको	५०,०००	अन्य
८७	फागुन २२	५०४ ११/२२	अध्यक्ष कृष्णबहादुर के.सी. र	जिल्ला जाजरकोट जुनीचाँदे गाउँपालिका	विभिन्न उपभोक्ता समितिमार्फत भएको सडक निर्माणको काम	८,००,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
			प्रधानाध्यापक चन्द्रबहादुर बस्नेत		सम्पन्न पश्चात भुक्तानीका लागि सहजीकरण गरिदिने भनी घुस लिएको		
८६	फागुन २२	४९५ ११/१५	डा. नरेश प्रताप के.सी.,वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवन कुमार मल्ल, पियन हरिबहादुर हमाल	जनस्वास्थ्य कार्यालय, धादिङ	पियन हरिबहादुर हमाललाई विशेष अदालतबाट भ्रष्टाचारको कसुरमा कारबाही भए पनि हालसम्म कार्यरत रहेको सम्बन्धमा	-	अन्य
८५	फागुन २२	५०५ ११/२२	अध्यक्ष कृष्णबहादुर के.सी. र वडा अध्यक्ष राजबहादुर शाही	जिल्ला जाजरकोट जुनीचाँदे गाउँपालिका	कमिसन दिनुपर्‍यो भनी धाकधम्कीसमेत दिई पटक-पटक नगद र बैंक खातामा रकम दाखिला गर्न लगाई घुस/रिसवत लिएको	२५,५०,०००	अन्य
८४	फागुन २१	४९१ ११/१५	शिक्षक कमला वाग्ले (कोइराला)	श्री कालिका प्राथमिक विद्यालय तनहुँ	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
८३	फागुन २१	४९२ ११/१५	कार्यालय सहयोगी डोमा शेर्पा	त्रिभुवन विमानस्थल भन्सार कार्यालय	तस्करीमा संलग्न भियतनामी र कम्बोडियन नागरिकसँग सांकेतिक संवाद गरी सुन फाल्न लगाउने कार्यमा संलग्न भएको	-	अन्य
८२	फागुन २१	४९० ११/१५	प्रहरी नायब निरीक्षक उत्तम कार्की	नेपाल प्रहरी	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
८१	फागुन २०	४९७ ११/१५	प्रधानाध्यापक गणेश दाहाल,इन्जिनियर राजेश कुमार शर्मा र सव-इन्जिनियर अनन्त दुलाल,	हिरादेवी आधारभूत विद्यालय सिन्धुपाल्चोक	शुद्ध खानेपानी तथा स्वच्छ विद्यालय कार्यक्रमका लागि प्राप्त रकम हिनामिना गरेको	-	आर्थिक अनियमितता

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
			अध्यक्ष प्रेमबहादुर चापागाईं, प्रोपाइटर प्रकाश दाहाल				
८०	फागुन २०	४९६ ११/१५	कार्यालय प्रमुख रामचन्द्र काफ्ले र लेखा अधिकृत ध्रुवराज गौतम, त.बैंक प्रबन्धक राजु प्रसाद ढकाल,कन्ट्रक्सन का अध्यक्ष शिवजी सापकोटा,प्रोपाइटर बैकुण्ठ प्रसाद भण्डारी,प्रबन्ध निर्देशक धर्मराज भण्डारी	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, नवलपरासी	ठेक्काको सम्झौता र मोबिलाइजेसन पेश्की दिई/लिई रकम हिनामिना गरेको	२,०२,७३,०००	आर्थिक अनियमितता
७९	फागुन २०	४८८ ११/१५	शिक्षक दिपक बाबु अर्याल	श्री शान्ति विद्यागृह मा.वि. लैनचौर काठमाडौं	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
७८	फागुन २०	५०३ ११/२०	पूर्व प्र.ना.म.नि. महेश विक्रम शाह, लेखापाल प्र.ना.नि. दिपेन्द्रप्रसाद पनेरु तथा लेखा सहायक प्र.ह. केशव सिंह ऐरी, लेखा नियन्त्रक त. लेखापाल सन्जिव बिशंखे	मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र भरतपुर चितवन	प्रहरी जवानहरूको ०७२ साल माघ र फागुन महिनाको तलब भत्ता खर्च लेखी नगद निकाली खाई भ्रष्टाचार गरेको	-	आर्थिक अनियमितता
७७	फागुन २०	४९४ ११/१५	त. महाप्रबन्धक शिवहरी श्रेष्ठ र खरिद इकाई प्रमुख खड्ग बहादुर ज्ञवाली	साविक नेपाल खाद्य संस्थान हाल खाद्य व्यवस्था	धान कुटान गर्ने राइस मिल जडान गर्ने र अन्य निर्माण काम गर्नुपर्नेमा सो नगरी आर्थिक हिनामिना गरेको	-	आर्थिक अनियमितता

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
७६	फागुन २०	४९३ ११/१५	त.मालपोत अधिकृत दधिराम गुरागाई, ना.सु. मनोज घिमिरे, खरिदार कृष्णप्रसाद नेपाल र रामप्रसाद भट्टराई, शाखा अधिकृत राजेन्द्र धिमाल, अन्य पुस्करप्रसाद पोखरेल,रत्नदेवी लिम्बु, गोविन्द कोइराला	भूमिसुधार तथा मालपोत कार्यालय सुनसरी	कीर्ते औंठाछाप लगाई अर्कै व्यक्तिको नाममा जग्गा पास गरेको	-	आर्थिक अनियमितता
७५	फागुन १९	४७४ ११/०८	प्रबन्धसञ्चालक धर्मराज अधिकारी,अध्यक्ष लक्ष्मीकान्त ढकाल,प्रबन्ध निर्देशक रामचन्द्र अधिकारी,महाशाखा प्रमुख रेवती रमण ओझा,आर्थिक महाशाखा प्रमुख महेशकुमार पौडेल, शाखा अधिकृत बिन्दु थापा, वरिष्ठ सहायक सुरेन्द्रमान श्रेष्ठ,स्टोरकिपर धर्मेन्द्र कुमार झा	राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौं	व्यापक अनियमितता गरेको	-	आर्थिक अनियमितता
७४	फागुन १९	५०२ ११/१९	इन्जिनियर शुकदेव अधिकारी र वडासदस्य कृष्ण बहादुर अधिकारी	जिल्ला तनहुँ, भानु नगरपालिका	विद्यालयको भवन निर्माण सम्पन्न गरी भुक्तानी सिफारिस/कार्यसम्पन्न प्रतिवेदन बनाई दिएबापत घुस लिएको	७५,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
७३	फागुन १९	४८५ ११/१५	शिक्षिका दुत कुमारी गर्बुजा	श्री कालिका मा.वि. रघुगंगा -१, तिप्ल्याङ म्यार्दी	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
७२	फागुन १८	४९९ ११/१६	त.सि.डि.ई. सुबास बस्नेत,डिस्टीलरी प्रा.लि. का अध्यक्ष धनेन्द्र कार्की	सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय इलाम	झापा जिल्लामा सडक ग्राभेलको काम गर्दा बिल बनाई भुक्तानी गर्ने प्रयोजनमा घुस लिएको	३७,५०,०००	अन्य
७१	फागुन १८	५०१ ११/१६	प्रहरी सहायक निरीक्षक सूर्यबहादुर अधिकारी	अस्थायी ट्राफिक प्रहरी पोष्ट रामनगर, बुटवल	टिप्पर आवतजावतमा सहजीकरण गरिदिने भनी घुस लिएको	५,०००	रंगेहात
७०	फागुन १८	५०० ११/१६	प्रहरी जवान छविलाल पोखेल	अस्थायी ट्राफिक प्रहरी पोष्ट, खैरेनी रुपन्देही	टिप्पर आवतजावतमा सहजीकरण गरिदिने भनी घुस लिएको	३,०००	रंगेहात
६९	फागुन १५	४७२ ११/०८	तत्कालीन प्रहरी नायब निरीक्षक विष्णुप्रसाद दलाली	नेपाल प्रहरी	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
६८	फागुन १५	४७० ११/०८	तह-५ का नरेन्द्र कुमार आले मगर	साँस्कृतिक संस्थान जमल, काठमाडौं	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
६७	फागुन १५	४५९ ११/०८	शिक्षक इन्द्रसिंह थापा	श्री सरस्वती माध्यमिक विद्यालय, छोटी पर्सिया, कन्चनपुर	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
६६	फागुन १५	४७७ ११/०८	अध्यक्ष कर्ण बहादुर विष्ट	भीमदत्त नगरपालिका-३ स्थित साकेत धाम विष्णु मन्दिर (विष्णु धाम) खुडकिला निर्माण उपभोक्ता समिति	मन्दिरमा खुडकिला निर्माणको लागि पेश्की लिई हालसम्म फछर्यौट नगरेको	४,५०,०००	आर्थिक अनियमितता
६५	फागुन १४	४६१ ११/०८	पूर्व अध्यक्ष बलबहादुर कठायत	सुर्खेत जिल्ला चौकुने गाउँपालिका वडा नं. १ स्थित कोटदरबार सामुदायिक वन उपभोक्ता समूह	समूहको रकम हिनामिना गरेको	७९,०००	आर्थिक अनियमितता

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
६४	फागुन १४	४८४ ११/१३	ना.सु. अहमद रजा अन्सारी	छोटी भन्सार कार्यालय, धनुषा	नेपाल-भारत सीमा बजारबाट घरायसी सामानहरू ल्याउन सहज गराइदिन्छु भनी घुस लिएको	१,५०,०००	रंगेहात
६३	फागुन १४	४८३ ११/१३	वडाध्यक्ष टेक ब. भण्डारी, वडा सदस्य भक्त बहादुर शाही, शिक्षक घनश्याम भणडारी, दल बहादुर बि.क.	श्री पिपल चौतारा माध्यमिक विद्यालय	प्रश्नपत्रको गोपनियता भंग गरेको	-	अन्य
६२	फागुन १३	४७९ ११/११	प्र.ना.उ. कृष्ण बहादुर कुँवर, लेखापाल प्र.ना.नि. माधव चन्द ठकुरी, लेखा सहायक प्र.ह. टंकबहादुर मल्ल एवं प्र.ज. सर्वराज खत्री, लेखा नियन्त्रक कार्यालय हुम्लाका त.लेखापाल भक्तबहादुर शाही र भवानीप्रसाद अधिकारी, निर्देशक प्रेमकुमार अधिकारी लेखापरीक्षक छत्रनाथ शर्मा गैरे र संगिता फुयाल	जिल्ला प्रहरी कार्यालय हुम्ला	सरकारी रकम हिनामिना र हानिनोक्सानी गरेको	१९,९५,०२९/०६	आर्थिक अनियमितता
६१	फागुन १३	४८० ११/११	प्र.ना.उ. त्रिलोक बहादुर चन्द, लेखापाल प्र.ना.नि. माधव चन्द ठकुरी, लेखा सहायक प्र.ह. टंकबहादुर मल्ल र प्र.ज. सर्वराज	जिल्ला प्रहरी कार्यालय हुम्ला	सरकारी रकम हिनामिना र हानिनोक्सानी गरेको	३१,५९,५६०/४४	आर्थिक अनियमितता

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
			खत्री,लेखा नियन्त्रक कार्यालय हुम्लाका त. लेखापाल भक्तबहादुर शाही				
६०	फागुन १३	४८२ ११/१२	कम्प्युटर अधिकृत रामकुमार अधिकारी	आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन	विद्युतीय बिजक जारी गर्ने अनुमति-पत्र बनाई दिने भनी सेवाग्राहीसँग घुस लिएको	१०,०००	रंगेहात
५९	फागुन १३	४६२ ११/०८	तह-५ सुपरभाइजर (मेकानिकल) चक्रपाणी भट्टराई	नेपाल विद्युत प्राधिकरण, कालिगण्डकी ए जलविद्युत आयोजना, स्याङ्जा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
५८	फागुन १३	४६३ ११/०८	नायब सुब्बा गिता अधिकारी	बेंसीसहर नगरपालिका, नगरपालिकाको कार्यालय, गण्डकी प्रदेश	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
५७	फागुन १३	४५८ ११/०८	(तह ५) पदमा कार्यरत अंजु रंजितकार	सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर), जमल, काठमाडौं	शैक्षिक योग्यताको प्रमाणपत्र नक्क्ली रहेको	-	शैक्षिक प्रमाणपत्र
५६	फागुन १२	४८१ ११/११	नि. कार्यालय प्रमुख रणबहादुर कडायत र नायब सुब्बा शिवराज उपाध्याय	जिल्ला हुलाक कार्यालय बझाङ	रकम हिनामिना र हानिनोक्सानी गरेको	२,९४,८९,९७१ । ६२	आर्थिक अनियमितता
५५	फागुन ०७	४५६ ११/०६	इन्जिनियर दिलिप कुमार साह	घ्याङलेख गाउँपालिका कार्यालय सिन्धुली	विभिन्न वडामा HT.LT तथा ट्रान्सफर्म जडानको विद्युतीकरण सम्बन्धी कार्य सम्पन्न गरी भुक्तानी लिने सिलसिलामा घुस लिएको	२,३०,०००	रंगेहात
५४	फागुन ०७	४४८ ११/०१	त. प्रहरी नायव निरीक्षक मुकुन्द प्रसाद उपाध्याय (ढकाल)	जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गा	शैक्षिक प्रमाणपत्र नक्कली (झुठ्ठा) रहेको	-	शैक्षिक प्रमाणपत्र

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
५३	फागुन ०७	४५७ ११/०७	प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेल	जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका	सूचना, संचार तथा प्रसारण गर्ने प्रयोजनका लागि सम्झौता गरी विनियोजन भएको रकम मध्येबाट घुस/रिसवत लिएको	१,००,०००	रंगेहात
५२	फागुन ०७	४५५ ११/०६	प्रहरी जवान राजकुमार यादव	इलाका प्रहरी कार्यालय सुखिपुर सिरहा	सेवाग्राहीसँग घरमा प्रयोग गरिने नुन, तेल र चिनी लगायतका सामानहरू नेपाल-भारत सीमा बजारबाट खरिद गरी ल्याउन सहज गराई दिन्छु भनी घुस/रिसवत लिएको	५,०००	रंगेहात
५१	फागुन ०६	४३४ ११/०१	प्रधानाध्यापक शिवकुमार साह र सव-इन्जिनियर विकास झा	नेपाने माध्यमिक विद्यालय, सिरानचोक-१ गोरखा	सरकारी रकम अनियमितता गरेको	-	आर्थिक अनियमितता
५०	फागुन ०६	४३६ ११/०१	प्रधानाध्यापक शिवकुमार साह	नेपाने माध्यमिक विद्यालय, सिरानचोक-१ गोरखा	सरकारी रकम अनियमितता गरेको	६,५०,०००	आर्थिक अनियमितता
४९	फागुन ०६	४३५ ११/०१	प्रधानाध्यापक शिवकुमार साह	नेपाने माध्यमिक विद्यालय, सिरानचोक-१ गोरखा	सरकारी रकम अनियमितता गरेको	३,५०,०००	आर्थिक अनियमितता
४८	फागुन ०५	४३३ ११/०१	प्रधानाध्यापक शिवकुमार साह र सव-इन्जिनियर विकास झा	नेपाने माध्यमिक विद्यालय, सिरानचोक-१ गोरखा	सरकारी रकम अनियमितता गरेको	-	आर्थिक अनियमितता
४७	फागुन ०५	४५३ ११/०१	तत्कालीन डिभिजन प्रमुख (सि.डि.ई.) जितेन्द्र कुमार चौधरी	डिभिजन सडक कार्यालय विराटनगर, मोरङ	पदीय मर्यादा विपरीत सडकका विभिन्न आयोजनाहरूमा बसी ठेकेदारहरूसँग मिलेर गैरकानूनी सम्पत्ति आर्जन गरेको	३,९९,४४,३४२	अकुत

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
४६	फागुन ०५	४५४ ११/०१	सव-इन्जिनियर (करार) प्रकाश तिवारी	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण शाखा भोजपुर	घरनिर्माण कार्य अन्तिम चरणमा पुगेपछि अन्तिम किस्ता रकमको लागि आवश्यक पर्ने कागजात उपलब्ध गराए बापत घुस लिएको	६,०००	रंगेहात
४५	फागुन ०५	४३९ ११/०१	तत्कालीन अध्यक्ष कृष्ण बहादुर बोहरा	केदारेश्वर उच्च माध्यमिक विद्यालय, लाना, डोटी	भवन निर्माण र छात्रवृत्तिको रकम हिनामिना गरेको	७,२९,९४६।४१	आर्थिक अनियमितता
४४	फागुन ०४	४३७ ११/०१	प्रहरी सहायक निरीक्षक उमेश के.सी.	महानगरीय अपराध महाशाखा टेकु अन्तर्गत कारागार कार्यालय, सुन्धारा	जबरजस्ती करणी मुद्दामा अदालतमा बकपत्रको समयमा पीडितसमेतको बयान मिलाई दिने प्रयोजनार्थ घुस/रिसवत मागेको	६०,००,०००	अन्य
४३	फागुन ०४	४४५ ११/०१	अधिकृत शालिकराम खनाल	नेपाल नागरिक उड्डयन प्राधिकरण	शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको	-	शैक्षिक प्रमाण-पत्र
४२	फागुन ०४	४४६ ११/०१	शिक्षक खेटराज बराल	बालादेवी आधारभूत विद्यालय ओखलढुंगा	शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको	-	शैक्षिक प्रमाणपत्र
४१	फागुन ०४	४४४ ११/०१	सहायक चतुर्थ तहका कुवेर प्रसाद उपाध्याय	साझा प्रकाशन	शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको	-	शैक्षिक प्रमाणपत्र
४०	फागुन ०२	४४२ ११/०१	सि.डि.ई. जितेन्द्र कुमार चौधरी	सडक डिभिजन कार्यालय विराटनगर	बाटो निर्माण गर्ने विभिन्न स्वीकृत आयोजनाहरूको काम सुरु गर्दा दिइने मोबिलाइजेसन रकमबाट गैरकानूनी तवरले कमिसनको नाममा घुस/रिसवत लिएको	३५,००,०००	अन्य

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
३९	फागुन ०२	४४० ११/०१	वडा अध्यक्ष कैलाश थापा, त.प्रमुख प्रशासकीय अधिकृत निरन्जन पाखिन र लेखापाल सुरेन्द्रबहादुर तितजु,सव-इन्जिनियर लिलबहादुर पाण्डे, बाबुलाल जोशी र दलबहादुर श्रेष्ठ	सिन्धुपाल्चोक जिल्ला, लिसंखुपाखर गाउँपालिका वडा नं. ६	पेट्कु खानेपानी आयोजनाका लागि निकासा भएको रकम हिनामिना गरेको	-	आर्थिक अनियमितता
३८	माघ २४	४२९ १०/२३	कार्यालय सहयोगी (करार) केशवकुमार यादव	जिल्ला प्रशासन कार्यालय राजविराज सप्तरी	अभद्र व्यवहार मुद्दा पेशीमा राखी टुङ्गाई दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको	४,०००	रंगेहात
३७	माघ २४	४३२ १०/२३	अधिकृत सुरेन्द्र प्रसाद भुज, पशु चिकित्सक डा. रूप नारायण श्रेष्ठ र पशुविकास अधिकृत डा. सोहन गुप्ता, कृषक समूहका अध्यक्ष दुर्गा प्रसाद खनाल र समूहका सचिव उमेश चौधरी, कन्सल्टेन्सीका ई. विवेककुमार गुप्ता	जिल्ला कपिलबस्तु शिवराज नगरपालिका वडा नं. ११	बाख्रापालन कार्यक्रमका लागि सरकारी अनुदान रकमको कुनै काम नै नगरी भुक्तानी दिए/लिएको	-	आर्थिक अनियमितता
३६	माघ २३	४२७ १०/२१	सर्भेक्षक राम नरेश पासवान	नापी कार्यालय, वीरगञ्ज, पर्सा	सेवाग्राहीको जग्गा हालसाबिक गरी नयाँ पुर्जा मिलाइदिने भनी घुस लिएको	७५,०००	रंगेहात
३५	माघ २३	४३० १०/२३	कृष्ण मुरारी चौधरी र बिजुलीको पोल र लाइनको काम गर्ने पुरुषोत्तम	नेपाल विद्युत प्राधिकरणको कार्यालय कुलेश्वर	बिजुलीको पोल राखिदिने बिषयमा सेवाग्राहीसँग घुस लिएको	२५,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
			दाहाल				
३४	माघ २३	४३१ १०/२३	सहायक वन अधिकृत पुष्पराज श्रेष्ठ	सैनामैना सव-डिभिजन वन कार्यालय रुपन्देही	सेवाग्राहीसँग काठ उपलब्ध गराउन फिल्ड भेरिफिकेशन गरिदिएबापत	५,०००	रंगेहात
३३	माघ २३	४२८ १०/२२	तत्कालीन उप-प्रधानमन्त्री सहित ३ मन्त्री, ६ विशिष्ट श्रेणीका पदाधिकारी, कर्मचारीहरू र अन्य व्यक्तिहरूसहित१७५ जना	मालपोत कार्यालय डिल्लीबजार	काठमाडौं, बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका सरकारी, सार्वजनिक जग्गा हिनामिना प्रकरण	६४,७९,७८,०००	आर्थिक अनियमितता
३२	माघ २१	४२६ १०/२०	निमित्त डिभिजन प्रमुख विन्दा साह भन्ने विनोद साह	सडक डिभिजन कार्यालय, लहान सिरहा	सेवाग्राहीले गरेको सडक निर्माण कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानीसमेतका काम गरिदिएबापत	३,००,०००	रंगेहात
३१	माघ २१	४२५ १०/२०	इन्जिनियर नवीनकुमार साह र सव-इन्जिनियर वीरेन्द्रकुमार साह	सडक डिभिजन कार्यालय, लहान सिरहा	सेवाग्राहीले गरेको सडक निर्माण कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानीसमेतका काम गरिदिएबापत	१५,९६,०००	रंगेहात
३०	माघ २०	४२४ १०/२०	सर्भेक्षक दिनेशकुमार साह	मोरङ जिल्ला नापी कार्यालय बेलवारी	जग्गाको फिल्ड चेक गरी सिमाना यकिन गर्नका लागि फिल्ड चेकजाँच गर्ने सिलसिलामा घुस लिएको	७,०००	रंगेहात
२९	माघ २०	४२१ १०/१६	प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजाल	जिल्ला प्रशासन कार्यालय दोलखा	आफ्नो क्षेत्राधिकार भित्रका मुद्दाका अभियुक्तहरूलाई धरौटीमा रिहा गर्न निजहरूसँग घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरेको	३५,०००	अन्य

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
२८	माघ २०	४२३ १०/१६	प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजाल	जिल्ला प्रशासन कार्यालय दोलखा	भ्रमणआदेश र दैनिक तथा भ्रमण खर्चको बिलमा स्वीकृत गर्ने अधिकारी पदाधिकारीको दस्तखतसमेत नगरी तथा अनुगमन नगई गएको भनी भ्रमण भत्तासमेत बुझेको	७७,६००	आर्थिक अनियमितता
२७	माघ २०	४२२ १०/१६	प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजाल	जिल्ला प्रशासन कार्यालय दोलखा	आफ्नो क्षेत्राधिकार भित्रका मुद्दाका अभियुक्तहरूलाई धरौटीमा रिहा गर्न निजहरूसँग घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरेको	९०,०००	अन्य
२६	माघ २०	४२० १०/१६	प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजाल	जिल्ला प्रशासन कार्यालय दोलखा	आफ्नो क्षेत्राधिकार भित्रका मुद्दाका अभियुक्तहरूलाई धरौटीमा रिहा गर्न निजहरूसँग घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरेको	५०,०००	अन्य
२५	माघ २०	४१९ १०/१६	प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजाल	जिल्ला प्रशासन कार्यालय दोलखा	आफ्नो क्षेत्राधिकार भित्रका मुद्दाका अभियुक्तहरूलाई धरौटीमा रिहा गर्न निजहरूसँग घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरेको	४,००,०००	अन्य
२४	माघ १७	४१७ १०/१६	खरिदार नेत्रबहादुर चौधरी (थारु)	भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (बर्दाघाट-सुस्ता पश्चिम)	मोही जग्गा बाँडफाँड गरिदिने प्रयोजनको लागि	४०,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
२३	माघ १७	४१८ १०/१६	प्रहरी जवान लोगबहादुर खड्का	महानगरीय ट्राफिक प्रहरी प्रभाग कोटेश्वर	कोटेश्वर चोकमा ड्युटीमा रहेको बखत मोटरसाइकल चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिई घुस माग	२,०००	रंगेहात
२२	माघ १७	४०२ १०/१३	शिक्षक श्रीप्रसाद पौडेल	श्री शिव माध्यमिक विद्यालय केशवटार तनहुँ	सेवा प्रवेश तथा बढुवाको सिलसिलामा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको	-	शैक्षिक प्रमाणपत्र
२१	माघ १६	४०५ १०/१३	पूर्व प्रहरी सहायक निरीक्षक धीरेन्द्रकुमार शाही	नेपाल प्रहरी	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी प्रहरी सहायक निरीक्षकमा बढुवा भई सरकारी सुविधा तथा लाभसमेत लिएको	-	शैक्षिक प्रमाणपत्र
२०	माघ १६	४०४ १०/१३	तत्कालीन खरिदार निर्मलाकुमारी के.सी.	जिल्ला हुलाक कार्यालय, बाँके	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी खरिदार पदमा बढुवा भई लाभ सुविधासमेत लिएको	-	शैक्षिक प्रमाणपत्र
१९	माघ १६	३९७ १०/१३	प्राविधिक अधिकृत जयनारायण प्रसाद साह	नेपाल टेलिकम	नक्कली प्रमाणपत्रको आधारमा विभिन्न सुविधा भोग गरिरहेको	-	शैक्षिक प्रमाणपत्र
१८	माघ १६	३९८ १०/१३	शिक्षक शारदा अधिकारी (लामिछाने)	श्री कुमारी आधारभूत विद्यालय शुक्लागण्डकी, तनहुँ	शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली पेस गरी नियुक्ति लिई सेवा सुविधा लिएको	-	शैक्षिक प्रमाणपत्र
१७	माघ १६	४०० १०/१३	तत्कालीन प्र.नि.अरुणकुमार शाह	नेपाल प्रहरी	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी प्रहरी निरीक्षकमा बढुवा भई जागिर खाइरहेको	-	शैक्षिक प्रमाणपत्र

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
१६	माघ १६	३९९ १०/१३	कार्यालय सहयोगी राजेन्द्र बस्नेत,श्रीमती सीता बस्नेत, आमा टुकुकुमारी बस्नेत र भतिजा कृपा बस्नेत	मालपोत कार्यालय चाबहिल	गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अस्वाभाविक उच्च जीवनयापन गरिरहेको	८,९८,५८,६१३	अकुत सम्पत्ति
१५	माघ १४	३९३ १०/१३	प्रमुख प्रशासक नारायण चौधरी र उप-प्रशासक जयप्रसाद रेग्मी	गुठी संस्थान त्रिपुरेश्वर, काठमाडौं	गुठीको जग्गा गुठीमा नै दर्ता गरी दिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस लिएको	८,००,०००	रंगेहात
१४	माघ १४	३९६ १०/१३	तत्कालीन शिक्षक उदयराज यादव	सहिद स्मारक माध्यमिक विद्यालय, कम्दी ७ पदमपुर, बाँके	नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी नियुक्ति लिएको	-	शैक्षिक प्रमाणपत्र
१३	माघ १४	३९४ १०/१३	लेखा अधिकृत विष्णुहरि पुडासैनी	पूर्वाधार विकास कार्यालय ३ नं. प्रदेश ललितपुर	सडक निर्माणका लागि टेन्डर सम्झौता बमोजिमको मोबिलाइजेसन पेश्की उपलब्ध गराउने क्रममा घुस माग	२२,०००	रंगेहात
१२	माघ १२	३९२ १०/१२	सहायक वन अधिकृत आनन्दप्रसाद साह	बबई सव-डिभिजन वन कार्यालय बर्दिया	सेवाग्राहीको निजी आवादी जग्गाको काठको नापजाँच लगत तयार गरी डिभिजन वन कार्यालय गुलरियामा बिमाको आदेश सिफारिस गरी दिएबापत	१०,०००	रंगेहात
११	माघ १०	३९१ १०/०९	खरिदार ललिता रोकाया	भूमिसुधार तथा मालपोत कार्यालय, महेन्द्रनगर कन्चनपुर	जग्गा पास गरिदिने र पास हुन नसके रकम फिर्ता गराई दिन्छु भनी आलटाल तथा ढिलासुस्ती गरी उक्त काम गरिदिए बापत घुस रकम माग	१,५०,०००	रंगेहात

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
१०	माघ ९	३८८ १०/०७	सशस्त्र प्र.नि.अमृत थापा र सशस्त्र प्र.ज. शशित नारायण विश्वास	सशस्त्र प्रहरी बल वि.ओ.पी. बखरी मोरङ	भारतबाट प्याज ल्याउने कार्यमा सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस रकम माग	५,५००	रंगेहात
९	माघ ८	३८८ १०/०७	नायब सुब्बा रामेश्वर कुइँकेल र लेखापढी व्यवसायी श्रीराम सापकोटा	मालपोत कार्यालय साँखु, काठमाडौं	दृष्टि बन्दकको लिखत पास गरे बापत घुस/रिसवत लिंदै दिंदै गर्दा	५५,०००	रंगेहात
८	माघ ८	३८९ १०/०७	अम्बेया खातुन	जिल्ला पर्सा, वीरगन्ज महानगरपालिका वडा नं. २ छपकैया	भन्सार छली ल्याएका सामानहरू छुटाइदिने कामका लागि राष्ट्रसेवक प्रहरी कर्मचारीलाई प्रभाव पार्न घुस दिएको	२८,०००	रंगेहात
७	माघ ७	३८७ १०/०७	प्रहरी हवल्दार राजु श्रेष्ठ	इलाका प्रहरी कार्यालय, उर्लाबारी मोरङ	व्यवसाय संचालनमा सहज गरिदिने भनी घुस/रिसवत माग गरी लिएको	८,०००	रंगेहात
६	माघ ५	३८६ १०/०३	सशस्त्र प्रहरी सहायक हवल्दार वीरेन्द्रप्रसाद चौधरी	विष्णुपुरा सशस्त्र प्रहरी बेसक्याम्प, रुपन्देही	घरायसी मालसामान ओसारपसारमा सहजीकरण गरिदिने भनी घुस/रिसवत माग	६,०००	रंगेहात
५	माघ ५	३७२ ०९/२४	त.सब-इन्जिनियर थमन योगी र असिस्टेन्ट सब-इन्जिनियर तोरणबहादुर विष्ट तथा सडक निर्माण आयोजनाका अध्यक्ष डिम्बरबहादुर कामी, कोषाध्यक्ष कर्णबहादुर वि.क. र सचिव अनिता वि.क. एवं वडाध्यक्ष	बागचौर नगर कार्यपालिकाको कार्यालय, सल्यान	सडक निर्माणमा बढी भुक्तानी लिई नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याएको	७७,७७५।२२	आर्थिक अनियमितता

सि.नं.	मिति	निर्णय संख्या	आरोपी व्यक्ति	कार्यालय	आरोप	बिगो रु.	मुद्दाको किसिम
			घनश्याम शर्मा				
४	माघ ३	३८५ १०/०२	लेखा अधिकृत रमेश कार्की	पशुसेवा विभाग हरिहरभवन, ललितपुर	सूचना प्रकाशित गरी नियमानुसार भुक्तानी लिई सकेपश्चात उक्त बिल रकम भुक्तानी गरिदिए बापत घुस/रिसवत माग	८,५००	रंगेहात
३	माघ ३	३८४ १०/०२	नायव सुब्बा बुद्धिप्रकाश न्यौपाने र लेखापाल विनोद शर्मा	जिल्ला अदालत,रुपन्देही	किर्ते मुद्दाको अनुसन्धानको क्रममा धरौटीमा राखेको रकम फिर्ता लिन गएका सेवाग्राहीलाई काम छिटो गरिदिने भनी घुस/रिसवत माग	२,०००	रंगेहात
२	माघ १	३७८ ०९/२४	त.कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजकुमार गोइत र पूर्व सांसद विश्वरनाथ प्रसाद यादव, ना.सु. भागवत यादव, त. राजपा केन्द्रीय सदस्य हरिनारायण मण्डल, वीरेन्द्रकुमार मण्डल र कृष्णकुमार यादव	पूर्वाधार विकास कार्यालय, सिरहा	सडक ग्राभेल गर्न किर्ते व्यक्ति खडा गरी उपभोक्ता समिति गठन गरी पूर्वाधार विकास कार्यालय, सिरहासँग सम्झौता गरेको	२५,००,०००	आर्थिक अनियमितता
१	माघ १	३७५ ०९/२४	अध्यक्ष कहरसिंह नेपाली	साजगोठेरी सामुदायिक वन उपभोक्ता समिति,सुर्खेत भेरीगंगा नगरपालिका	वन हेरालुलाई पारिश्रमिक बापत रकम उपलब्ध गराउँदा नक्कली बिल भरपाई गरी रकम हिनामिना गरेको	२,१६,५००	आर्थिक अनियमितता

ख) रंगेहात कारबाही (स्टिङ अपरेसन)

आयोगबाट चालु आ.व. को यस तेस्रो त्रैमासिक अवधिमा भएका जम्मा ३७ वटा रंगेहात कारबाहीबाट ५२ जनालाई नियन्त्रणमा लिई जम्मा रु. ४२,६७,५००।- जफत भएको छ । यस्तो रकम अघिल्लो आ. व. को सोही अवधिमा रु. ४६,२९,०००।- रहेको थियो । यस अविधिमा गत आ. व.मा ३१ वटा रङ्गेहात कारबाही भएकोमा यस आ. व. मा यस्तो कारबाही ३७ वटा भएको हो ।आयोगबाट गरिएका रङ्गेहात कारबाहीको तुलनात्मक विवरण देहायअनुसार छः

महिना वा अवधि	२०७६/०७७	२०७५/०७६
दोस्रो त्रैमासिक अवधिसम्मको जम्मा	११५	६२
माघ	१६	९
फागुन	१६	९
चैत	५	१३
तेस्रो त्रैमासिक अवधिको जम्मा	३७	३१

पछिल्लो २ वर्षको तेस्रो त्रैमासिकमा भएको रङ्गेहात कारबाहीको अवस्था निम्नानुसार देखिन्छ :-



चालु आ.व. को यस त्रैमासिक अवधिमा जम्मा ३७ वटा रंगेहात कारबाहीबाट नियन्त्रणमा लिइएका ५३ जना व्यक्तिहरूको विवरण हेर्दा ३८ जना राष्ट्रसेवक कर्मचारीहरू र १५ जना कर्मचारी बाहेकका अन्य व्यक्ति रहेको देखिन्छ। आयोगद्वारा गरिएको रंगेहात कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरूको दर्जागत एवं पेसागत विवरण देहाय अनुसार छः-

क्र.स.	भ्रष्टाचार गर्दागर्दै रंगेहात पक्राउ पर्नेहरू	महिना			जम्मा
		माघ	फागुन	चैत	
१	विशिष्ट श्रेणी वा सरह	०	०	०	०
२	रा.प. प्रथम श्रेणी सरह	०	०	०	०
३	रा.प. द्वितीय श्रेणी सरह	१	१	२	४
४	रा.प. तृतीय श्रेणी सरह	६	४	३	१३
५	रा.प.अनंकित कर्मचारी	६	८	२	१६
६	श्रेणी विहीन	२	३	०	५
राष्ट्रसेवक कर्मचारी जम्मा		१५	१६	७	३८
राष्ट्रसेवक कर्मचारी बाहेक अन्य					
७	निर्वाचित/मनोनीत पदाधिकारी	२	१	१	४
८	व्यवसायी/विचौलिया	१	१	२	४
९	अन्य	३	३	१	७
अन्य जम्मा		६	५	४	१५
जम्मा		२१	२१	११	५३

यस अवधिमा आयोगद्वारा गरिएको रंगेहात कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरूको विवरण निम्नानुसार छ ।

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
३७.	चैत ०९	वडा सदस्य राम विश्वास मुखिया र निरगुन पासवान (दुसाद)	यमुनामाई गाउँपालिका वडा नं. ३, रौतहट	नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सिफारिसको लागि सहज गराई दिन्छु भनी घुस/रिसवत माग	१३,०००	बर्दिवास
३६.	चैत ०६	श्रेस्तेदार लोकनाथ पराजुली	जिल्ला अदालत, कास्की	अदालतमा विचाराधीन मुद्दामा नियन्त्रणमा लिएको गाडी छुटाई दिने प्रयोजनका लागि विभिन्न बहानामा घुस/रिसवत माग	३०,०००	पोखरा
३५.	चैत ०५	प्रधानाध्यापक महेन्द्र महतो	श्री जनता माध्यमिक विद्यालय नकटाजिझ, धनुषा	SEE परीक्षाको रजिष्ट्रेसन फारम नभरेकोले फारम भरी प्रवेश पत्र दिने भनी अभिभावकले प्रवेश पत्र लिन जाँदा घुस/रिसवत माग	२,०००	बर्दिवास

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
३४.	चैत०३	इलेक्ट्रिकल सुपरभाइजर कैलाश प्रसाद दाहाल	नेपाल विद्युत प्राधिकरण रत्नपार्क वितरण केन्द्र	मिटर जडानको लागि घुस/रिसवत माग	२०,०००	टंगाल
३३.	चैत ०१	नापी अधिकृत सरोज श्रेष्ठ, सर्भेक्षक तीर्थराज भण्डारी, सर्भेक्षक थानेश्वर चौधरी, मालपोत कार्यालय भैरहवा, रुपन्देहीका ना.सु. धर्मराज पन्थी र लेखापढी व्यवसायी जीवन शर्मा, मतियार राजकुमार अर्याल	नापी कार्यालय, भैरहवा रुपन्देही	जग्गाको कित्ताकाट र नामसारी गर्ने काममा सहजीकरण गरिदिने प्रयोजनका लागि	१७,००,०००	बुटवल
३२.	फागुन ३०	दोभाषे (करार) विश्वनाथ कुर्मी (चौधरी)	जिल्ला अदालत कपिलबस्तु	ठगी मुद्दामा सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत लिएको	२,००,०००	टंगाल
३१.	फागुन ३०	नायव सुब्बा सूर्य अधिकारी,लेखापढी व्यवसायी कान्छोनारायण श्रेष्ठ	मालपोत कार्यालय धादिङ	रजिष्ट्रेसन पास गर्ने क्रममा लेखापढी व्यवसायी मार्फत सरोकारवालासँग घुस/रिसवत लिएको	५,०००	टंगाल
३०.	फागुन ३०	डिभिजन वन अधिकृत (दर्शौं तह) सन्तमाया श्रेष्ठ	डिभिजन वन कार्यालय दोलखा	काठ व्यापार गर्ने व्यापारीहरूसँग घुस/रिसवत रकम उठाई सरकारी गाडीमा दोलखाबाट काठमाडौं आउँदै गरेको अवस्थामा नियन्त्रणमा	२,०३,५००	टंगाल
२९.	फागुन २९	नायब सुब्बा डोर प्रसाद पन्थी, लेखापरीक्षक रामचन्द्र श्रेष्ठ	कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाडौं	अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि आउने अख्तियारवाला व्यक्तिहरूबाट काम सहज गरिदिए बापत घुस/रिसवत लिएको	५,०००	टंगाल
२८.	फागुन २१	नायब सुब्बा दिपक सुवेदी	मालपोत कार्यालय लेखनाथ, कास्की	सेवाग्राहीको नाममा दर्ता रहेको जग्गा रोक्का गर्ने कार्य सहजीकरण गरिदिने भनी घुस/रिसवत लिएको	३,०००	पोखरा

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
२७.	फागुन १६	खरिदार सुशील ठाकुर	जिल्ला धनुषा, धनौजी गाउँपालिका वडा नं. २	जन्म प्रमाणित सिफारिस गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत लिएको	२०,०००	बर्दिवास
२६.	फागुन १५	प्र.अ. नगेन्द्र बहादुर सिंह	जिल्ला दैलेख नौमुले गाउँपालिका वडा नं. १ स्थित श्री भैरव मा.वि. नौमुले	शिक्षकको चौमासिक तलब र दर्शै खर्च बापतको रकम उपलब्ध गराउने प्रयोजनका लागि घुस लिएको	३०,०००	सुर्खेत
२५.	फागुन १४	वडा अध्यक्ष श्रवण कुमार यादव	जिल्ला रुपन्देही समरीमाई गाउँपालिका वडा नं. ५	जग्गाको चार किल्ला सिफारिस गरिदिने प्रयोजनका लागि घुस लिएको	७०,०००	बुटवल
२४.	फागुन १४	कार्यालय सहयोगी महेन्द्र यादव	उच्च सरकारी वकिल कार्यालय, बुटवलका कार्यालय	ठगीसम्बन्धी मुद्दाको बन्दी प्रत्यक्षीकरणमा सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको	१५,०००	बुटवल
२३.	फागुन १२	सव-इन्जिनियर नवलेस कुमार रौनियार	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला कास्की मादी गाउँपालिका वडा नं. ९	सेवाग्राहीसँग घुस/रिसवत बापत रु. ४०,५००।– (चालीस हजार पाँच सय) लिएको विषयमा	-	पोखरा
२२.	फागुन ०९	टेक्निसियन चित्र बहादुर के.सी.	भेरीगंगा नगरपालिका, सुर्खेतमा कार्यरत खानेपानी तथा सरसफाइ	झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न पश्चात भुक्तानीमा सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस/रिसवत लिएको	२,००,०००	सुर्खेत
२१.	फागुन ०७	प्रमुख इन्जिनियर सुरेशराज भट्ट	जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, पाटन बैतडी	चमेलिया खोला तटबन्ध नियन्त्रण निर्माण योजनाको कामको सम्झौता गर्न आलटाल तथा ढिलासुस्ती गरी हाल उक्त सम्झौता गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत लिएको	२,००,०००	कन्चनपुर

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
२०.	फागुन ०५	सव-इन्जिनियर गणेश ठकुल्ला	विपद व्यवस्थापन विभाग का.म.न.पा. काठमाडौं	भूकम्प पीडितले घर निर्माण सम्पन्न गरी दोस्रो र तेस्रो किस्ताको रकम निकासा गर्ने प्रयोजनका लागि घुस/रिसवत लिएको	२०,०००	टंगाल
१९.	फागुन ०५	सव-इन्जिनियर (करार) विष्णुकुमार राई	भोजपुर जिल्ला आमचोक गाउँपालिका	हायुखोला खानेपानी योजनाको बिल फरफारक गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत लिएको	५,०००	इटहरी
१८.	फागुन ०२	सहायक प्रबन्धक (केन्द्र प्रमुख) इन्जिनियर (८औं तह) शेर बहादुर सुनार र सवारी चालक टेक बहादुर खडका	नेपाल विद्युत प्रधिकरण, विद्युत वितरण केन्द्र, सिन्धुली	कार्यालय भवनको तला थप गर्ने कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानीको क्रममा सेवाग्राहीसँग घुस/रिसवत लिएको	७५,०००	बर्दिवास
१७.	फागुन ०१	सहायक वन अधिकृत (निमित्त कार्यालय प्रमुख) कृष्ण बहादुर देवकोटा र कार्यालय सहयोगी (करार) प्रमोदकुमार तेली	डिभिजन वन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	टेण्डरको काठ उठाए बापत सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग	२,००,०००	बुटवल
१६.	माघ २७	वडा सदस्य कृष्णबहादुर अधिकारी र इन्जिनियर सुकदेव अधिकारी	जिल्ला तनहुँ, भानु नगरपालिका वडा नं. १३	भवन निर्माण सम्पन्न गरी भुक्तानी सिफारिस/कार्यसम्पन्न प्रतिवेदन बनाई दिएबापत घुस/रिसवत माग	७५,०००	पोखरा
१५.	माघ २६	प्रहरी जवान छबिलाल पोखेल	अस्थायी ट्राफिक प्रहरी पोष्ट, खैरेनी रुपन्देही	टिप्पर आवत जावतमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग	३,०००	बुटवल
१४.	माघ २६	प्रहरी सहायक निरीक्षक सूर्यबहादुर अधिकारी	ट्राफिक प्रहरी पोष्ट रामनगर, बुटवल, रुपन्देही	टिप्पर आवत जावतमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग	५,०००	बुटवल
१३.	माघ २२	सर्भेक्षक यामबहादुर खत्री र लेखापढी गर्ने प्रताप के.सी.	नापी कार्यालय, बाँके	हालसाविक भिडाउने काम बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको	३५,०००	नेपालगञ्ज

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
१२.	माघ २१	नायब सुब्बा अहमद रजा अन्सारी	जनकपुर भन्सार कार्यालय, धनुषा	नेपाल-भारत सीमा बजारबाट घरायसी सामानहरू ल्याउन सहज गराइदिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरेको	१,५०,०००	बर्दिवास
११.	माघ २०	प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेल र सवारी चालक संचित दुलाल	जिल्ला काठमाडौं, चन्द्रागिरी नगरपालिका	चन्द्रागिरी नगरपालिकाको सूचना, संचार तथा प्रसारण गर्ने प्रयोजनका लागि सम्झौता गरी विनियोजन भएको रकम मध्येबाट घुस/रिसवत माग गरेको	१,००,०००	टंगाल
१०.	माघ २०	अधिकृत (छैठौं तह) शिवलाल पौडेल र सेवाग्राही दीपक खतिवडा	काठमाडौं जिल्ला स्थित यातायात व्यवस्था सेवा कार्यालय, सानो भन्याङ स्वयम्भु	सवारी कर र प्रदूषणबापतको रकम तिर्ने क्रममा घुस/रिसवत दिएको/लिएको	१३,०००	टंगाल
९.	माघ १६	रेन्जर (अधिकृतस्तर) राम अशिष यादव	जलेश्वरनाथ सव-डिभिजन वन कार्यालय, बखरी, महोत्तरी	जिल्ला महोत्तरी एकडारा गाउँपालिका वडा नं. २ को सिफारिससहित घरायसी चिरान काठ लोड गरेको ट्र्याक्टर नियन्त्रणमा लिई विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग	१५,०००	बर्दिवास
८.	माघ १४	कम्प्युटर अधिकृत रामकुमार अधिकारी	आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवन	विद्युतीय बिजक जारी गर्ने अनुमति पत्र बनाई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग	१०,०००	हेटौंडा
७.	माघ ११	इन्जिनियर दिलीपकुमार साह	घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सिन्धुली	विद्युतीकरणसम्बन्धी कार्य सम्पन्न गरी भुक्तानी लिने सिलसिलामा	-	बर्दिवास
६.	माघ ११	अध्यक्ष कृष्ण बहादुर के.सी.	जुनीचाँदी गाउँपालिका जाजरकोट	सडक निर्माणको काम सम्पन्न पश्चात भुक्तानीका लागि सहजीकरण गरिदिने भनी	८,००,०००	सुर्खेत

सि.नं.	पक्राउ मिति	आरोपी व्यक्ति	आरोपी व्यक्तिको कार्यालय	आरोप	रकम रु.	पक्राउ गर्ने कार्यालय
५.	माघ १०	सव-इन्जिनियर (करार) प्रकाश तिवारी	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण शाखा भोजपुर	भूकम्प पीडितको पुनर्निर्मित घरको निर्माण सम्पन्न रिर्पोट बनाई दिए बापत	६,०००	इटहरी
३.	माघ १०	ज्यालादारी कृष्ण मुरारी चौधरी, बिजुलीको पोल सार्ने पुरुषोत्तम दाहाल	का.म.न.पा. काठमाडौंस्थित नेपाल विद्युत प्राधिकरण कुलेश्वर विद्युत वितरण केन्द्र	बिजुलीको पोल राखिदिने विषयमा सेवाग्राहीसँग घुस/रिसवत लिएको	२५,०००	टंगाल
३.	माघ ०९	कार्यालय सहयोगी (करार) केशव कुमार यादव	जिल्ला प्रशासन कार्यालय सप्तरी	अभद्र व्यवहार मुद्दा पेशीमा राखी टुङ्गाई दिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत लिएको	४,०००	इटहरी
२.	माघ ०८	प्रहरी जवान राजकुमार यादव	इलाका प्रहरी कार्यालय सुखिपुर सिरहा	घरमा प्रयोग गरिने नुन, तेल र चिनी लगायतका सामानहरू नेपाल-भारत सीमा बजारबाट खरिद गरी ल्याउन सहज गराई दिन्छु भनी	५,०००	बर्दिवास
१.	माघ ०८	सहायक वन अधिकृत पुष्पराज श्रेष्ठ	सैनामैना सव-डिभिजन वन कार्यालय रुपन्देही	काठ उपलब्ध गराउन भेरिफिकेसन सिफारिस गरिदिए बापत घुस लिएको	५,०००	बुटवल

ग. दायर मुद्दाको फैसला र आयोगबाट पुनरावेदन :

यस त्रैमासिक अवधिमा सम्मानित विशेष अदालतबाट ३२ वटा मुद्दाको फैसला प्राप्त भएकोमा भ्रष्टाचारतर्फको २६ वटा र नक्कली प्रमाणपत्रतर्फको ६ वटा रहेको अवस्था छ । सम्मानित विशेष अदालतबाट आयोगमा चालु आ.व. को हालसम्मको ९ महिनाको अवधिमा जम्मा ८५ वटा फैसला प्राप्त भएकोमा भ्रष्टाचारतर्फका ५६ र नक्कली शैक्षिक प्रमाणपत्र तर्फको २९ वटा रहेको अवस्था छ । यस अवधिमा आयोगको तर्फबाट सम्मानित सर्वोच्च अदालतमा ९ वटा मुद्दामा पुनरावेदन निवेदन दर्ता गराइएको अवस्था छ ।

२.२ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको निरोधात्मक कार्यको विवरण :

भ्रष्टाचारजन्य कार्यको उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित रूपमा भ्रष्टाचार नियन्त्रण हुन नसक्ने हुँदा भ्रष्टाचार हुनै नदिने निरोधात्मक कार्यहरू र भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने प्रवर्द्धनात्मक कार्यहरूलाई आयोगले निरन्तरता दिएको छ ।

भ्रष्टाचार नियन्त्रणको निरोधात्मक रणनीति अन्तर्गत आयोगले भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा विद्यमान पद्धतिका कमजोरी र भ्रष्टाचारका प्रमुख कारणहरूको पहिचानमा जोड दिएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूलाई अधिकार प्रत्यायोजन गरिएको छ । निजहरूले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजातसहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने गरी व्यवस्था गरिएको छ ।

स्थानीय तहका उजुरीहरू एकमुष्ठ रूपमा स्थानीय तहमै गएर हेर्नका लागि विशेष टोली परिचालन गरिएको छ । यसबाट भ्रष्टाचारविरुद्धको छानबिन, अनुसन्धान तथा तहकिकातलाई परिणाममुखी बनाउन सहज भएको छ ।

सार्वजनिक निकायहरूमा कार्य संचालन कार्यविधि (Standard Operational Procedures) तयार गर्न लगाउने र कार्यसम्पादन दिग्दर्शन, कार्यविधि वा विनियम बनाई कार्यसम्पादनलाई सरलीकरण गर्न लगाउने विषयमा पनि आयोगले सुझावहरू दिंदै आएको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक प्रदेशका २/२ वटा गरी १४ जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउन सुरु गरेको छ । भ्रष्टाचारविरुद्ध अन्तरनिकाय समन्वय वृद्धि गर्ने उद्देश्यले आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच भएको समझदारी अनुसारका कार्यहरू सुरु भएका छन् ।

यस अवधिमा नेपाल सरकारका विभिन्न निकयहरूलाई आयोगले प्रेषित गरेका सुझावहरू निम्नानुसार छन् :-

क. रुग्ण ठेक्काहरूको व्यवस्थापन सम्बन्धमा

यस अवधिमा आयोगबाट सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापनका क्षेत्रमा अध्ययन तथा विश्लेषण गरेपछि एक वर्षको अवधिमा सम्बन्धित मन्त्रालय/विभागहरूसँग समस्या समाधानका लागि पटक पटक अन्तरक्रिया, छलफल तथा सहजीकरणसमेत भएको सन्दर्भमा त्यस्ता रुग्ण ठेक्का सम्झौताहरूको कार्यान्वयनमा भए गरेको प्रगतिसमेतको बारेमा अध्ययन विश्लेषण गरी "रुग्ण ठेक्काको व्यवस्थापन अध्ययन तथा विश्लेषण प्रतिवेदन, २०७६ (रुग्ण ठेक्काको अध्ययन तथा विश्लेषण, २०७५ को दोस्रो भागका रूपमा रुग्ण ठेक्काहरूको मौजुदा अवस्थाको विवरण समेत समावेश गरिएको अद्यावधिक प्रतिवेदन)" सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरेको छ।

आयोगले विकास निर्माणसम्बन्धी दर्जनौं ठेक्का सम्झौताहरू तोकिएको अवधिमा सम्पन्न नभई रुग्ण ठेक्काका रूपमा देखिएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत आ.व. २०७५/०७६ को माघ महिनामा रुग्ण ठेक्काहरूको विवरण अध्ययन विश्लेषण गरी "नेपाल सरकारद्वारा सञ्चालन भएका आयोजनाहरूमा निर्माण कार्यको ठेक्का व्यवस्थापनको अवस्था, अध्ययन तथा विश्लेषण (२०७५ माघ) प्रतिवेदन" प्रकाशित गरेको थियो। सो प्रतिवेदन अनुसार पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न मन्त्रालय अन्तर्गतका रुग्ण ठेक्काहरूको विवरण अध्ययन विश्लेषण गरी हेर्दा २०७५ मंसिरसम्म कुल रु.११८.०१ अर्ब बराबरका जम्मा १,८४८ ठेक्काहरू सम्झौता बमोजिमको समयावधिभित्र सम्पन्न हुन नसकी रुग्ण अवस्थामा रहेको देखिएको थियो। रुग्ण ठेक्काहरूमा के कस्ता निर्माण कार्यहरू गर्ने उद्देश्य राखिएको रहेछ भनी हेर्दा ग्रामीण/दुर्गम क्षेत्रमा बर्थिङ केन्द्र निर्माण गर्नेदेखि खानेपानी योजनाको निर्माण, सडक निर्माण, पुल निर्माण, राजमार्ग स्तरोन्नति, विद्युत ट्रान्समिसन लाइन निर्माण आदि रहेको देखिएको थियो। उल्लिखित १,८४८ रुग्ण ठेक्काहरूमध्ये १,०३२ ठेक्काहरूको विभिन्न मितिमा सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएकोमा सो म्याद थपसम्बन्धी निर्णय समेत भएको अवस्था देखिएको थिएन।

माथि उल्लिखित रुग्ण अवस्थामा रहेका १८४८ ठेक्काहरूमध्ये एक वर्षको अवधिमा ६१८ वटा ठेक्का सम्झौताहरू अन्तर्गतका कार्यहरूको निर्माण सम्पन्न भएको देखिन्छ भने २८ वटा ठेक्काहरूको ठेक्का सम्झौता अन्त्य गरिएको देखिन्छ। यसैगरी रु. ८६.४४ अर्ब बराबरका १,२०२ वटा ठेक्का सम्झौताहरू हालसम्म पनि क्रमागत अवस्थामा रहेको देखिन्छ। क्रमागत अवस्थामा रहेका कुल १,२०२ वटा रुग्ण ठेक्का सम्झौताहरूमध्ये ४९ वटा ठेक्का सम्झौताहरूको मात्र म्याद थपसम्बन्धी निर्णय भएको देखिन्छ भने १,१५३ वटा क्रमागत देखिएका ठेक्का सम्झौताहरूको हालसम्म पनि म्याद थपसम्बन्धी कुनै पनि निर्णय भएको देखिंदैन। उपरोक्त १,२०२ रुग्ण अवस्थामा रहेका ठेक्का सम्झौताहरूमध्ये ४०२ वटा ठेक्का सम्झौताहरूको प्रगति ८०% भन्दा बढी, ३१५ वटा ठेक्का सम्झौताहरूको प्रगति ५० देखि ८०% को बीचमा तथा ४८५ वटा ठेक्का सम्झौताहरूको प्रगति न्यून अथवा ५०% भन्दा कम भएको देखिन्छ।

ख. एक जिल्ला एक उत्पादन कार्यक्रम (One District One Product) को कार्यान्वयन अवस्था सम्बन्धमा

आयोगले यस अवधिमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र टेकुको साझेदारीमा सार्वजनिक निजी अवधारणामा संचालित एक जिल्ला एक उत्पादन कार्यक्रम (One District One Product) ओने को कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन विश्लेषण गरी सोको प्रभावकारिताका लागि निम्नानुसारको सुझाव दिएको छ :-

१. सम्पूर्ण पूर्वाधार तयार भई कच्चा पदार्थको अभावमा सञ्चालन हुन नसकेका उद्योगहरूलाई सञ्चालन गर्न स्थानीय, प्रदेश र संघको सहकार्यमा ती बाली वस्तुहरूको उत्पादन बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पहल गर्ने। पूर्वाधार तयार भएको तर कच्चा पदार्थ आपूर्तिको सम्भावना न्यून भएका उद्योगहरू जस्तै ओखलढुङ्गाको चिराइतो उद्योग, धादिङको टोम्याटो के-चप, स्याङ्गजाको अदुवा प्रशोधन उद्योगहरूलाई उस्तै प्रकारको बालीहरूको उत्पादनको आधारमा उद्योगको product Line परिवर्तन गर्न लगाउने |

२. पूर्वाधार तयार भएको तर चालु पुँजी अभावले केही मेसिनरी औजार खरिद हुन नसकी सञ्चालन नभएका उद्योगहरूलाई कृषि उद्यम केन्द्रमार्फत आवश्यक पुँजीको व्यवस्था गर्न पहल गर्न लगाउने।

३. पूर्वाधार तयार पनि नभएको उद्योग सञ्चालनभन्दा पनि गलत नियतले अनुदान लिनका लागि खोलेका उद्योगहरूको सन्दर्भमा त्यस्ता उद्यमीसँग कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रकम असुली प्रक्रिया अगाडि बढाउने |

४. कार्यविधि अनुसार कृषि उद्यम केन्द्र सचिवालयको मुख्य काम भूगोल अनुसार व्यावसायिक योजनाको छनौट, डिजाइन स्टिमेट, लागत र प्रविधिमा सहजीकरण र व्यावसायिक योजनाको तयारी, अनुगमन/सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार जिल्ला समितिलाई सुझाव दिनुपर्नेमा सो हुन नसकेको कारण उद्योगहरू सम्पन्न र सञ्चालन हुन नसकेकोले यस कार्यमा नेपाल उद्योग वाणिज्य महासंघले उपयुक्त कार्य योजना बनाई लागू गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत उद्योगहरू स्थापना गर्न अनुदान उपलब्ध गराउँदा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रलाई मात्रै दिनुभन्दा खुल्ला प्रतिस्पर्धाका आधारमा अन्य निजी कम्पनीहरू वा बाली वस्तु उत्पादक संघहरू (producers association) लाई समेत समावेश गर्दा उपयुक्त हुने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि उद्यम केन्द्रलाई हालसम्म उपलब्ध गराएको निकासा र खर्चका सम्बन्धमा प्रतिवेदन लिई वित्तीय अनुशासन कायम गर्ने।

७. सशर्त अनुदान रकमका सम्बन्धमा खर्च भएका सम्पूर्ण रकमका बिल भरपाइको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्ने।

८. कृषि उद्यम केन्द्रको सहकार्यको अनुभवको आधारमा आगामी दिनहरूमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस्ता कार्यक्रम आफैंले सञ्चालन नगरी मातहतका निकायहरू र संघीय संरचनाअनुसार बाली वस्तुको उत्पादन अवस्था, अन्य पूर्वाधार विकास र बजारको अवस्था हेरी प्रदेश र स्थानीयस्तरमा उद्योगहरू स्थापना गर्न सहजीकरण गर्ने।

९. आगामी दिनहरूमा यस्ता किसिमका योजना तथा कार्यक्रमहरू छनौट गर्दा स्थानीय आवश्यकता, उत्पादनसँगको तादात्म्यता, बजार, सामाजिक र आर्थिक पक्ष, कार्यक्रमको दिगोपना र व्यवस्थापन समेतको वस्तुपरक मूल्याङ्कन गर्ने प्रक्रिया प्रारम्भ गर्ने।

१०.यस कार्यक्रमअन्तर्गत सञ्चालन गरिएका उद्योगहरूमा एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम नेपाल उद्योग वाणिज्य महासंघको contribution के कति हुनुपर्ने हो यकिन गरी पूरा गर्न लगाउने व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिलाउने।

११.कार्यक्रमका लागि रकम निकासा गर्नुपूर्व सोको phasing गरी कार्य प्रगति अनुगमन तथा मूल्याङ्कन सिफारिसको आधारमा मात्र गर्ने व्यवस्था मिलाउने।

१२.कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यक्रम अन्तर्गत संचालित सम्पूर्ण उद्योगहरूको हालको अवस्थाका सम्बन्धमा सरोकारवाला पक्षसमेतको सहभागितामा Overall Review गर्ने।

१३.सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने यस्ता कार्यक्रमहरूको योजना तर्जुमा, सोको स्वीकृति, कार्यक्रम तथा क्रियाकलापको नियमित अनुगमन तथा मूल्याङ्कनको mechanism स्पष्ट र पारदर्शी बनाउने।

ग. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्बन्धमा

आयोगले यस अवधिमा नेपाल सरकारको लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आ.व.२०७४/०७५ र २०७५/०७६ को स्वीकृत कार्यक्रमअनुसार लागत सहभागितामा आधारित रही संचालन गरेको शीत भण्डार गृह निर्माणमा अनियमितता भएको भन्नेसमेत विषयको आयोगमा परेको उजुरी निवेदनका सम्बन्धमा छानबिन गर्दा पछि थप प्रमाण प्राप्त भएमा सोहीबमोजिम हुने गरी राज्यले शीत भण्डार गृह निर्माणका लागि अनुदान व्यवस्था गरेको भए पनि यी शीत भण्डार गृहको सञ्चालन मोडालिटी स्पष्ट नहुनु, त्यसबाट राज्यले पाउने प्रतिफलको बारेमा सम्झौतामा केही उल्लेख नहुनु, अनुदान दिँदा शीत भण्डार गृहको अलावा अन्य निर्माण कार्यहरूलाई पनि अनुदान दिनु, कार्यविधि बनाउँदा राज्यको अनुकूल भन्दा पनि व्यक्तिगत फाइदाको लागि पटक पटक संशोधन गरेको पाइएको। तसर्थ शीत भण्डार गृह निर्माण सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को (ख) र (ग) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई देहायबमोजिमका सुझाव लेखी पठाइएको छ ।

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई खुमलटारबाट आ.व.२०७५/०७६ को लागि वार्षिक स्वीकृत कार्यक्रमअनुसार

स्वीकृत भएका ८ कम्पनीमध्ये पाँचवटा कम्पनीहरूलाई प्रथम किस्ता स्वरूप पेश्की रकम रु. १०,९३,६०,०००।- भुक्तानी दिइएकोमा पेश्की लिएर अझैसम्म निर्माण कार्य सुरु नगरेको फर्महरूको सम्बन्धमा कानूनबमोजिम आवश्यक कारबाही गर्ने गराउने ।

२. कार्यविधिअनुसार प्रथम किस्ता भुक्तानीका लागि तय भएका क्रियाकलापहरू जस्तै होडिङबोर्ड, main building structures work र foundation of column and beams आदि सम्पन्न भएपछि mobilization बापत प्रथम किस्ता पेश्की दिने भनेकोमा कतिपय शीत भण्डार गृह निर्माणका लागि यी सर्त पूरा नहुँदै पनि पेश्की रकम दिएको देखिएकोले पेश्की दिने जिम्मेवार कर्मचारीलाई कानूनबमोजिम आवश्यक कारबाही गर्ने र आयोगलाई जानकारी गराउने।

३. सम्भाव्यता अध्ययन र कुनै आधारबिना शीत भण्डारलाई अनुदान दिने भनी सुनियोजित तरिकाबाट जिल्लाहरू नै तोकेर बजेट र कार्यक्रम राखिएको, ती जिल्लाका स्थापित निजी क्षेत्रबाट संचालित शीत भण्डार गृह पूर्ण क्षमतामा सञ्चालन हुन नसकिरहेको अवस्थामा यी नयाँ बन्ने शीत भण्डार गृहको दिगोपनाको बारेमा पनि बेलैमा सोच्नुपर्ने, तुलनात्मकरूपमा संरचना निर्माणको लागत धेरै देखिएको र निजी उद्यमी र सरकारी अनुदानको लगानी क्षेत्र स्पष्ट नभएको देखिएकोले अनुदान दिँदा शीत भण्डार गृह र सोसँग सम्बन्धितलाई मात्र दिने व्यवस्था मिलाउने।

४. परियोजनाले सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत तयार गरेको शीत भण्डार गृह निर्माण कार्यविधि २०७४ नेपाल सरकारको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ अनुसार भएको नपाइएकोले सो अनुसार कार्यविधि परिवर्तन वा संशोधन गर्ने।

५. निजी क्षेत्रका लगानीमा बनेका शीत भण्डार गृहहरू पनि कच्चा पदार्थ अभावमा पूर्ण क्षमतमा सञ्चालन हुन नसकेको अवस्थामा सम्भाव्यता अध्ययनबिना नै नेपाल सरकारकै लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विभिन्न परियोजनाहरू, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयहरूबाट निर्माण गरिने यी नयाँ शीत भण्डार गृहको दिगोपनाका लागि संघीय मन्त्रालयले बेलैमा समन्वय र सहजीकरण गर्ने ।

६. संशोधित कार्यविधि, २०७४ को बुँदा ९ को (६) मा अनुदानको सही सदुपयोग सन्तोषजनक प्रगति तथा वित्तीय प्रगतिको आधारमा निकासा दिइने, सम्झौता अनुसार निर्माण हुने शीत भण्डारगृह निर्माण पश्चात स्थानीय निकायमा समन्वय गरी गर्नुपर्ने,

कम्तीमा तीन वटा निर्माण व्यवसायीसँग दर भाउपत्र माग गरी न्यून रकम कबोल गर्ने निर्माण व्यवसायी मार्फत निर्माण कार्य अगाडि बढाउनुपर्ने छ भनिएको छ, यसरी राज्यबाट प्रदान गरिने करोडौं अनुदान रकम दर भाउपत्र मार्फत निर्माण गरिनु सार्वजनिक खरिद ऐन र नियमावली, २०६४ विपरीत कार्य भएको देखिएको र उक्त दरभाउ पत्र मार्फत निर्माण गर्दा कम रकम बोल कबोल भएमा शीत भण्डार गृह निर्माण कार्यमा वचत भएको रकमको बारेमा सम्झौतामा केही उल्लेख नभएकोले सम्झौता गर्दा निर्माण गर्दा बचत हुन जाने रकमको दायित्व नेपाल सरकारको कोषमा फिर्ता हुने व्यवस्था गर्ने।

७. निर्माण व्यवसायी छनौट गरी Contract award गर्दा एकै पटक सबै निर्माण कार्यका लागि ठेक्का दिने कि सिभिल निर्माण, मेसिनरी जडान र Puf-panel लाई अलग अलग गरेर award गर्न सकिने नसकिने सम्बन्धमा के गर्ने र सम्बन्धित कोल्ड स्टोरको नाममा VAT बिल जारी गर्ने कि निर्माण व्यवसायीले जारी गरेको VAT बिल कार्यालयमा पेस गर्ने भन्ने विषयहरू सम्झौतामा नै उल्लेख गर्ने।

८. शीत भण्डार गृहको डिजाइन र स्टिमेट तयार गर्दा एउटै प्रकृतिको शीत भण्डार गृह निर्माण कार्यको लागत पनि फरक फरक गरेको, अनुदान रकम पनि फरक गरेको र अनुदान दिँदा स्पष्ट कार्यविधि बिना व्यक्ति विशेषको आधारमा धेरै थोरै गरेको र निलाम्बरी कोल्ड स्टोर्स सर्लाही र ग्रीन फरेस्ट्री प्रा.लि धनुषा एकै परिवारलाई दुई वटा अनुदान दिएको र अनुदान दिँदा शीत भण्डार गृह निर्माणका अलावा अन्य निर्माणहरू (कर्मचारी आवास, चौकीदार घर, पर्खाल निर्माण ...) लाई पनि अनुदान दिएको कारण निर्माण लागत बढी हुन गएको देखिएको शीत भण्डार गृह निर्माणको लागत र अनुदान रकम पुनर्विचार गर्नुपर्ने तथा लगत स्टिमेटमा नेपाल सरकारले स्वीकृत गरेको Norms पालना हुनुपर्ने ।

९. कार्यविधिको बुँदा नं. ३ मा कृषि उपज भण्डारणका लागि शीत भण्डार गृह स्थापना गर्न कम्तीमा ५००० मेट्रिक टन क्षमताको मल्टी च्याम्बर शीत भण्डार गृहका लागि न्यूनतम ६५००० वर्ग मिटर (१ बिघा) उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोपाइटरको नाममा हुनुपर्ने छ करार नामको जग्गा मान्य हुने छैन भनी उल्लेख भएकोमा संशोधित कार्यविधि २०७५ शेयर होल्डरको नामको जग्गामा पनि गर्न सकिने प्रावधान राखिएकोले उक्त बुँदा हटाई कम्पनीको नाममा मात्र जग्गा हुनुपर्ने व्यवस्था गर्ने।

१०. निजी सेवा प्रदायक संस्थाले सञ्चालन गरेका शीत भण्डार गृहहरूको भाडादर भन्दा प्रस्तावित नेपाल सरकारको अनुदानमा निर्माणाधीन शीत भण्डार गृहको भाडा दर धेरै नै बढी देखिएकोले उक्त शीत भण्डार गृह निर्माणबाट राज्यले प्राप्त गर्ने प्रतिफल सुनिश्चित गर्ने।

११.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले टपकन इन्जिनियरिङ कन्सलटेन्सीमार्फत शीत भण्डार गृहको डिजाइन स्टिमेट र लागत अनुमान तयार गरे तापनि आयोजनाले प्रस्ताव आह्वान गर्दा आफ्नो आवश्यकता (requirements) र standard design उल्लेख नगरी सूचना प्रकाशन गरेको कारण अनुदानग्राहीले आफ्नै किसिमले डिजाइन र स्टिमेट पेस गरी अनुदान लागत बढाउने मनसाय देखिएकोले अनुदान दिँदा मुख्य कोल्ड स्टोर गृहको सिभिल कार्य र मेसिनरी औजारमा मात्र निश्चित प्रतिशत अनुदानको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसै सन्दर्भमा कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तयार गरेको कार्यविधिअनुसार सिभिल निर्माण कार्यमा ३०% र मेसिनरी औजारमा ५०% अनुदानको व्यवस्था परियोजनाले पनि अनुशरण गर्ने र अन्य निर्माण कार्यमा अनुदान नदिने व्यवस्था गर्नु उपयुक्त हुने ।

१२.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत अन्य वैदेशिक लगानीमा संचालित आयोजनाहरू, प्रदेश मन्त्रालयहरू, स्थानीय निकायहरूले समेत सम्भाव्यता अध्ययनबिना नयाँ शीत भण्डार गृह निर्माणमा अनुदान दिनुभन्दा उत्पादनमूलक कार्यमा लगानी गर्नुपर्ने र आगामी दिनहरूमा कृषि उपजहरू उत्पादन र खपतको आधारमा विभिन्न क्षमताका शीत भण्डार निर्माण गर्न स्थानीय निकाय, प्रदेश सरकार र संघीय सरकारबीच सहकार्य र प्रभावकारी समन्वय सुनिश्चित गर्ने ।

२.३ भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरण :

आयोगले भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने प्रवर्द्धनात्मक कार्यहरूअन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा विद्यालय अनुशिक्षण लगायतका कार्यक्रमहरू संचालन गरिरहेको छ ।

क."सुशासन सवाल" टेलिभिजन कार्यक्रम

आयोग र नेपाल टेलिभिजनसँगको सहकार्यमा यस आ. व. को श्रावण महिनादेखि नै निरन्तर रूपमा ***सुशासन सवाल*** नामको साप्ताहिक टेलिभिजन कार्यक्रम ***हरेक मंगलबार***

साँझ ७:२५ मा प्रसारण भइरहेको छ । यस त्रैमासिक अवधिमा नेपाल टेलिभिजनबाट १२ वटा श्रृंखला प्रसारण भइसकेको र उक्त श्रृंखलाहरू आयोगको फेसबुक, टुइटर र युट्युब च्यानलबाट समेत यथासम्भव प्रत्यक्ष प्रसारण हुँदै आएको छ र यी कार्यक्रमहरू उक्त च्यानलहरूमा सहज पहुँचका लागि राखिएको छ ।

भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरू प्रकाशन र प्रसारण गर्ने, ब्रोसर एवम् पोष्टर र पम्प्लेट जस्ता सामग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रूपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरू समावेश भएका पुस्तिकाहरू प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ ।

आयोगले भ्रष्टाचार विरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्यासको थालनी गरेको छ ।

आयोगका माननीय प्रमुख आयुक्त एवं आयुक्तहरू विभिन्न जिल्लाहरूमा हुने भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनसम्बन्धी छलफल अन्तर्क्रिया कार्यक्रमहरूमा सहभागी हुँदै आउनुभएको छ । चालु आ.व. को यस तेस्रो त्रैमासिक अवधिमा यस अनुसार सम्पन्न भएका कार्यक्रमहरूको विवरण निम्नानुसार छ :-

ख. भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तरक्रिया कार्यक्रमहरू

१. सुनसरी

माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको प्रमुख आतिथ्यता तथा आयोगको कार्यालय, इटहरीका प्रमुख चक्रबहादुर बुढाज्यूको अध्यक्षतामा सुनसरीको इटहरी उपमहानगरपालिका स्थित क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहराको सभाहलमा मिति २०७६।११।१९ गते सामुदायिक वनसँग सम्बन्धित विषयमा केन्द्रित भई छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त अन्तर्क्रिया कार्यक्रममा सुनसरीका प्रमुख जिल्ला अधिकारी,

डिभिजन वन कार्यालय सुनसरीका प्रमुख, सुनसरी जिल्लास्थित सम्पूर्ण सव डिभिजन वन कार्यालयका प्रमुखहरू, जिल्लास्थित सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव र कोषाध्यक्ष र स्थानीय सञ्चारकर्मी समेत १२३ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

२. इलाम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको अध्यक्षता तथा जिल्ला समन्वय समिति इलामका प्रमुख गणेशप्रसाद बरालको प्रमुख आतिथ्यतामा मिति २०७६।११।१८ गते जिल्ला समन्वय समिति, इलामको सभाहलमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई लक्षित गरी भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त अन्तर्क्रिया कार्यक्रममा आयोगको कार्यालय, इटहरीका प्रमुख चक्रबहादुर बुढा, जिल्लास्थित सबै नगरपालिकाका नगर प्रमुखहरू, जिल्ला समन्वय समितिका उपप्रमुखहरू, गाउँपालिका अध्यक्षहरू, इलामका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखहरू, जिल्लास्थित कार्यालय प्रमुखहरू, लेखाप्रमुखहरू, प्राविधिक कर्मचारीहरू, स्थानीय सञ्चारकर्मीहरू, भ्रष्टाचारविरुद्धका अभियन्ताहरू, नागरिक समाजका प्रतिनिधिहरू समेत गरी १३९ जनाको उपस्थिति थियो ।

३. डोटी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरको आयोजनामा कार्यालय प्रमुख श्री बाबुराम खतिवडाज्यूको अध्यक्षता तथा जिल्ला समन्वय समिति डोटीका प्रमुख श्री राम बहादुर ऐरज्यूको आतिथ्यतामा मिति २०७६।११।१६ गते भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमहरूमा जिल्ला समन्वय समितिका उपप्रमुखहरू, जिल्लास्थित नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्षहरू, उपप्रमुख/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू लगायत शिक्षा शाखा, प्राविधिक शाखा, लेखा शाखाका प्रमुखहरू, विभिन्न क्याम्पसका व्यवस्थापन समितिका अध्यक्षहरू, क्याम्पस प्रमुखहरू, लेखा प्रमुख तथा विभिन्न विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरू एवम् प्रधानाध्यापकहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्षहरू, भ्रष्टाचारविरुद्ध क्रियाशील सामाजिक अभियन्ताहरू तथा सम्बन्धित जिल्लाका पत्रकार

महासंघका अध्यक्ष लगायतका संचारकर्मीहरू समेत गरी १६३ जना सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

४. धनकुटा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको आयोजनामा कार्यालय प्रमुख श्री चक्रप्रसाद बुढाको अध्यक्षतामा जिल्ला समन्वय समिति, धनकुटाका प्रमुख श्री टंकबहादुर चौहानको प्रमुख आतिथ्यमा मिति २०७६।११।१५ गते जिल्ला समन्वय समितिको सभाहलमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई लक्षित गरी सञ्चालित उक्त कार्यक्रममा आयोगको कार्यालय, इटहरीका शाखा अधिकृत गिरीराज भट्टराईका साथै जिल्लास्थित नगरपालिकाका नगर प्रमुख/उपप्रमुखहरू, गाउँपालिका अध्यक्ष/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका जिल्लास्थित प्रमुखहरू, जिल्लास्थित कार्यालय प्रमुखहरू, प्राविधिक कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूसमेत गरी १५६ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

५. सप्तरी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको आयोजनामा कार्यालय प्रमुख श्री चक्रप्रसाद बुढाको अध्यक्षतामा जिल्ला समन्वय समिति, धनकुटाका प्रमुखको प्रमुख आतिथ्यमा मिति २०७६।११।१३ गते जिल्ला समन्वय समितिको सभाहलमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई लक्षित गरी सञ्चालित उक्त कार्यक्रममा आयोगको कार्यालय, इटहरीका शाखा अधिकृत गिरीराज भट्टराईका साथै जिल्लास्थित नगरपालिकाका नगर प्रमुख/उपप्रमुखहरू, गाउँपालिका अध्यक्ष/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका जिल्लास्थित प्रमुखहरू, जिल्लास्थित कार्यालय प्रमुखहरू, प्राविधिक कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूसमेत गरी १२२ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

६. काभ्रेपलाञ्चोक

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका काभ्रेपलाञ्चोका प्रमुखको उपस्थितिमा मिति २०७६।१०।७ गते काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा "भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया कार्यक्रम" सम्पन्न भएको छ । उक्त कार्यक्रममा आयोगका सहसचिव एवम् प्रवक्ता प्रदीपकुमार कोइराला र आयोगको कार्यालय हेटौंडाका प्रमुख शिवकुमार कार्कीका साथै जि.स.स. उपप्रमुख, नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्षहरू, उपप्रमुख/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू लगायत शिक्षा शाखा, प्राविधिक शाखा, लेखा शाखाका प्रमुखहरू, विभिन्न क्याम्पसका व्यवस्थापन समितिका अध्यक्षहरू, क्याम्पस प्रमुखहरू, लेखा प्रमुख तथा विभिन्न विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरू एवम् प्रधानाध्यापकहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, नेपाल बार एसोसिएसन, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्षहरू, भ्रष्टाचारविरुद्ध क्रियाशील सामाजिक अभियन्ताहरू तथा सम्बन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्षलगायतका संचारकर्मीहरू समेत गरी १४० जना सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

७. अछाम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरको आयोजनामा कार्यालय प्रमुख श्री बाबुराम खतिवडाज्यूको अध्यक्षता तथा जिल्ला समन्वय समिति अछामका प्रमुख श्री नरबहादुर कुवँरज्यूको प्रमुख आतिथ्यतामा मिति २०७६।११।१४ गते भ्रष्टाचार नियन्त्रण तथा सुशासन विषयक १(एक) दिने अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमहरूमा जिल्ला समन्वय समितिका उपप्रमुखहरू, जिल्लास्थित नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्षहरू, उपप्रमुख/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू लगायत शिक्षा शाखा, प्राविधिक शाखा, लेखा शाखाका प्रमुखहरू, विभिन्न क्याम्पसका व्यवस्थापन समितिका अध्यक्षहरू, क्याम्पस प्रमुखहरू, लेखा प्रमुख तथा विभिन्न विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरू एवम् प्रधानाध्यापकहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्षहरू,

भ्रष्टाचारविरुद्ध क्रियाशील सामाजिक अभियन्ताहरू तथा सम्बन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्ष लगायतका संचारकर्मीहरूसमेत गरी १२० जना सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

८. सिन्धुपाल्चोक

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको आयोजनामा आयोगका श्रीमान् सचिव महेश्वर न्यौपानेज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका प्रमुखहरूको उपस्थितिमा मिति २०७६।१०।५ गते सिन्धुपाल्चोक जिल्लाको चौतारामा "भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तर्क्रिया कार्यक्रम" सम्पन्न भएको छ । उक्त कार्यक्रममा आयोगका सहसचिव एवम् प्रवक्ता प्रदीपकुमार कोइराला र आयोगको कार्यालय हेटौंडाका प्रमुख शिवकुमार कार्कीका साथै जि.स.स. उपप्रमुख, नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्षहरू, उपप्रमुख/उपाध्यक्षहरू, प्रमुख जिल्ला अधिकारीलगायत जिल्लास्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू लगायत शिक्षा शाखा, प्राविधिक शाखा, लेखा शाखाका प्रमुखहरू, विभिन्न क्याम्पसका व्यवस्थापन समितिका अध्यक्षहरू, क्याम्पस प्रमुखहरू, लेखा प्रमुख तथा विभिन्न विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरू एवम् प्रधानाध्यापकहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, नेपाल बार एसोसिएसन, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्षहरू, भ्रष्टाचारविरुद्ध क्रियाशील सामाजिक अभियन्ताहरू तथा सम्बन्धित जिल्लाका पत्रकार महासंघका अध्यक्ष लगायतका संचारकर्मीहरूसमेत गरी १०४ जना सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

२.४ आयोगबाट भएको संस्थागत क्षमता विकाससम्बन्धी कार्यको विवरण

क. आयोगको २९औं स्थापना दिवस समारोह सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९औं स्थापना दिवस सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा मिति २०७६ साल माघ २८ गते विभिन्न कार्यक्रम गरी भव्यरूपमा सम्पन्न भयो। यसै अवसरमा सम्माननीय राष्ट्रपतिबाट स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका काम कारबाहीबाट विनियोजित स्रोत साधनको सदुपयोग गर्न तथा सरकारी सम्पत्तिको संरक्षण गर्नमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा व्यक्त गर्दै सबैको साझा अठोट र प्रयासबाट भ्रष्टाचार निर्मूल गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । सोही अवसरमा सम्माननीय

प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले भ्रष्टाचारलाई समाजको महारोगको संज्ञा दिँदै भ्रष्टाचारविरुद्धको कारबाहीमा आयोगले हालका दिनहरूमा गरेका कार्यहरू तथा देखाएको क्रियाशीलताको प्रशंसा गर्नुभयो । सम्माननीय राष्ट्रपतिबाट आयोगका २ जना कर्मचारीहरूलाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र १३ जना कर्मचारीहरूलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्नुका साथै आयोगबाट प्रकाशित स्मारिका–२०७६ लोकार्पण गर्नुभएको थियो ।उक्त समाहरोहमा पुरस्कार पाउने कर्मचारीहरू तथा आयोगको २९ औं स्थापना दिवसमा पुरस्कृत हुने अन्य कर्मचारीहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छ। सम्माननीय प्रधानमन्त्रीबाट वक्तृत्वकलातर्फ प्रथम हुनुहुने रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मीका छात्र विक्रम पन्थी तथा कवितातर्फ प्रथम हुनुहुने हेटौंडा क्याम्पस, हेटौंडा, मकवानपुरका छात्र पुजन ढुङ्गानालाई पुरस्कार प्रदान गर्नुभएको थियो । कविता तथा वक्तृत्वकलातर्फ पुरस्कृत हुने व्यक्तित्वहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

आयोगका माननीय आयुक्त डा. सावित्री थापा गुरुङले कार्यक्रमका प्रमुख अतिथि लगायत विशिष्ट व्यक्तित्व र सम्पूर्ण अतिथिहरूमा स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेले संविधान र कानूनले सुम्पेको जिम्मवारी अनुरुप भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माण गर्नेतर्फ सार्थक योगदान पुऱ्याउनु नै आयोगको उद्देश्य भएको बताउँदै आयोगले हालैमात्र आफ्नो संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा ल्याई दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मकका साथै आयोगको संस्थागत क्षमता विकासलाई महत्वपूर्ण रणनीतिका रूपमा अंगीकार गरिएको बताउनुभयो । सार्वजनिक निकायहरूबाट नीति, पद्धति र सदाचारिताका आधारमा कार्यसम्पादन भएमा भ्रष्टाचारको रोकथाम हुनसक्ने बताउँदै सार्वजनिक सेवाप्रवाह र सार्वजनिक खरिदका कार्यहरू पूर्णतया कानूनी मापदण्ड र प्रक्रियाका आधारमा सञ्चालन भएमा धेरै हदसम्म भ्रष्टाचार हुनबाट रोक्न सकिने हुँदा आयोगले समन्वय र सहजीकरणका विभिन्न प्रयासहरूमा जोड दिँदै आएको बताउनुभयो । कार्यक्रमको उत्तरार्द्धमा सञ्चालित जनचेतनामूलक सांस्कृतिक कार्यक्रममा विभिन्न कलाकारहरूद्वारा भ्रष्टाचारविरुद्धका सन्देश प्रवाह गर्ने गीत र नृत्य प्रस्तुत गरिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९ औं स्थापना दिवसको अवसरमा पुरस्कृत हुनुहुने कर्मचारीहरूको विवरण निम्नानुसार छ :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २९औं स्थापना दिवसको अवसरमा पुरस्कृत हुने आयोग र आयोग अन्तर्गतका कर्मचारीहरू

उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार : ताम्रपत्र सहित जनही नगद रु.२५,०००।- (करबाहेक) -२ जना

सि.नं	पद	नामथर	कार्यरत
१	उपसचिव	श्री दीपक प्रसाद खतिवडा	ऐन नियम परामर्श तथा निर्णय कार्यान्वयन महाशाखा
२	प्रहरी नायव उपरीक्षक	श्री भीष्म हुमागाईं	सूचना संकलन तथा विश्लेषण इकाइ

उत्कृष्ट अख्तियार सेवा पुरस्कार : ताम्रपत्रसहित जनही नगद रु.२०,०००।- (करबाहेक) -१३ जना

सि.नं	पद	नामथर	कार्यरत
१	सहसचिव	श्री प्रदीपकुमार कोइराला	नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा
२	सहसचिव	श्री शेरजंग कार्की	ऐन नियम परामर्श तथा निर्णय कार्यान्वयन महाशाखा
३	प्रहरी वरिष्ठ उपरीक्षक	श्री अरुण कुमार वि.सी.	प्रहरी महाशाखा
४	उपसचिव	श्री मदन कोइराला	मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा
५	उपसचिव	श्री रमेश ढकाल	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **बुटवल**
६	उपसचिव (लेखा)	श्री गोकुल बाँस्तोला	सम्पत्ति अनुसन्धान तथा मूल्याङ्कन महाशाखा
७	उपसचिव	श्री सुशीला अधिकारी	अनुसन्धान महाशाखा नं.१
८	कार्यालय प्रमुख (उपसचिव)	श्री गणेश गैरे	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय **नेपालगंज**
९	सिनियर डिभिजनल इन्जिनियर	श्री सुशील श्रेष्ठ	अनुसन्धान महाशाखा नं.१
१०	प्रहरी उपरीक्षक	श्री प्रवीण पोखरेल	प्रहरी महाशाखा
११	प्रहरी नायव उपरीक्षक	श्री मधुकुमार थापा	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **बर्दिवास**
१२	इन्जिनियर	श्री दीपक श्रेष्ठ	अनुसन्धान महाशाखा नं.५
१३	प्रहरी निरीक्षक	श्री संजीव बाबु खड्का	प्रहरी महाशाखा

अख्तियार सेवा पुरस्कारः प्रमाणपत्रसहित जनही नगद रु.१०,०००।- (करबाहेक) -२० जना

सि.नं	पद	नामथर	कार्यरत
१	उपन्यायाधिवक्ता	श्री रामचन्द्र शर्मा	मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा
२	सिनियर डिभिजनल जियोलोजिष्ट	श्री कुशलनन्दन पोखरेल	प्राविधिक परीक्षण तथा मूल्याङ्कन महाशाखा
३	उपसचिव	श्री विश्वामित्र कुइँकेल	अनुसन्धान महाशाखा नं.५
४	प्रहरी नायव उपरीक्षक	श्री रेशमबहादुर पराजुली	अनुसन्धान महाशाखा नं.२
५	प्रमुख अनुसन्धान अधिकृत	श्री हुमकान्त पाण्डे	सूचना संकलन तथा विश्लेषण इकाई
६	शाखा अधिकृत	श्री तारा पाण्डे तिवारी	मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा
७	शाखा अधिकृत	श्री विद्याकुमारी श्रेष्ठ	मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा
८	लेखा अधिकृत	श्री निमलाल भुसाल	आर्थिक प्रशासन शाखा
९	नापी अधिकृत	श्री हरिशरण नेपाल	अनुसन्धान महाशाखा नं.२
१०	शाखा अधिकृत	श्री पुस्कर राना	अनुसन्धान महाशाखा नं.२
११	शाखा अधिकृत	श्री जयराम पञ्जियार	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **बर्दिवास**
१२	शाखा अधिकृत	श्री खेमराज कोइराला	श्रीमान् सचिवज्यूको सचिवालय
१३	शाखा अधिकृत	श्री गिरीराज भट्टराई	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **इटहरी**
१४	शाखा अधिकृत	श्री भीमबहादुर बुढा	अनुसन्धान महाशाखा नं.३
१५	शाखा अधिकृत	श्री कृष्ण सुवेदी	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **हेटौंडा**
१६	शाखा अधिकृत	श्री सुदीप शाक्य	अनुसन्धान महाशाखा नं.४
१७	प्रहरी निरीक्षक	श्री पृथ्वीनारायण ओली	प्रहरी महाशाखा
१८	प्रहरी निरीक्षक	श्री चन्द्रबहादुर खड्का	प्रहरी महाशाखा
१९	प्रहरी निरीक्षक	श्री कपिल वाग्ले	प्रहरी महाशाखा
२०	सिनियर प्रुफ रिडर	श्री रामकुमार घिमिरे	नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

प्रशंसा पत्रसहित जनही नगद रु.५,०००।- (करबाहेक) -३१ जना

सि.नं	पद	नामथर	कार्यरत
१	नायव सुब्बा	श्री मुरारीप्रसाद उप्रेती	श्रीमान् सचिवज्यूको सचिवालय
२	नायव सुब्बा	श्री हरिप्रसाद पन्थी	आन्तरिक व्यवस्थापन शाखा
३	नायव सुब्बा	श्री विष्णुप्रसाद जैसी	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **सुर्खेत**
४	लेखापाल	श्री बिना भट्टराई काफ्ले	आर्थिक प्रशासन शाखा
५	लेखापाल	श्री देवेन्द्र पाण्डे	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **पोखरा**
६	कम्प्युटर अपरेटर	श्री अर्जुन कुमार राउत	श्रीमान् सचिवज्यूको सचिवालय
७	प्रहरी नायव निरीक्षक	श्री दिपेन्द्रप्रसाद साह	आन्तरिक व्यवस्थापन शाखा
८	प्रहरी नायव निरीक्षक	श्री नेत्रप्रसाद पौडेल	सूचना संकलन तथा विश्लेषण इकाई
९	प्रहरी नायव निरीक्षक	श्री रमेशकुमार श्रेष्ठ	प्रहरी महाशाखा
१०	प्रहरी नायव निरीक्षक	श्री अर्जुनसिंह साउद	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **कञ्चनपुर**
११	प्रहरी नायव निरीक्षक	श्री धर्मराज शाही	माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको पिएसओ
१२	प्रहरी नायव निरीक्षक	श्री राजेश बस्नेत	माननीय प्रमुख आयुक्तज्यूको सचिवालय
१३	वरिष्ठ अनुसन्धान सहायक	श्री किशोरकुमार धानुक	सूचना संकलन तथा विश्लेषण इकाई
१४	खरिदार	श्री रमेश रेग्मी	दर्ता चलानी
१५	प्रहरी सहायक निरीक्षक	श्री राजन कार्की	हिरासत व्यवस्थापन
१६	प्रहरी सहायक निरीक्षक	श्री सागर हमाल	माननीय प्रमुख आयुक्तज्यूको सचिवालय
१७	प्रहरी सहायक निरीक्षक	श्री पदमबहादुर बानियाँ	नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा
१८	प्रहरी सहायक निरीक्षक	श्री इश्वरकुमार खत्री	मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा
१९	प्रहरी हवल्दार	श्री नारायण प्रसाद पौडेल	CCTV
२०	प्रहरी हवल्दार	श्री पञ्चबहादुर तामाङ	माननीय आयुक्त डा. सावित्री थापा गुरुङज्यूको सचिवालय
२१	प्रहरी हवल्दार	श्री तिलकबहादुर पुन	आर्थिक प्रशासन शाखा
२२	प्रहरी हवल्दार	श्री घमण्ड कार्की	माननीय प्रमुख आयुक्तज्यूको सुरक्षा
२३	प्रहरी हवल्दार	श्री दामोदर कुँइकेल	
२४	प्रहरी जवान	श्री भुवनराज जोशी	माननीय प्रमुख आयुक्तज्यूको सुरक्षा

२५	प्रहरी जवान	श्री गोपाल कट्टेल	माननीय प्रमुख आयुक्तज्यूको सुरक्षा
२६	प्रहरी जवान	श्री राजकुमार तामाङ	प्रहरी महाशाखा
२७	हलुका सवारी चालक	श्री बिजय मुनिकार	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल
२८	हलुका सवारी चालक	श्री शम्सेर बहादुर तामाङ	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल
२९	हलुका सवारी चालक	श्री हरिभजन खड्गी	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल
३०	कार्यालय सहयोगी	श्री रामकृष्ण महर्जन	आन्तरिक व्यवस्थापन शाखा
३१	कार्यालय सहयोगी	श्री नारायण प्रसाद नेपाल	आन्तरिक व्यवस्थापन शाखा

कविता तथा वक्तृत्वकला प्रतियोगिता

आयोगले आफ्नो २९औं स्थापना दिवसको अवसरमा आयोगको प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले कविता तथा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरेको थियो । उक्त प्रतियोगिता दुई चरणमा सञ्चालन भएको थियो । पहिलो चरणमा प्रत्येक प्रदेशस्थित आयोगको कार्यालयहरूमा सञ्चालित प्रतियोगिताबाट छनौट भएर आएका प्रतिस्पर्धीहरूले दोस्रो चरणमा आयोगको सभाहलमा विज्ञ निर्णायक मण्डलसमक्ष आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । सो अवसरमा देहायअनुसारका प्रतियोगीहरू उत्कृष्ट घोषित भएका थिए :-

कवितातर्फ पुरस्कृत

पुरस्कारको किसिम	नाम थर	छात्र/छात्रा	शैक्षिक संस्था	पुरस्कार राशि (करबाहेक)
प्रथम	श्री पुजन ढुङ्गाना	छात्र	हेटौंडा क्याम्पस, हेटौंडा	रु.२५,०००।-
द्वितीय	श्री मोहन बुढा	छात्र	सेन्ट जेभियर्स कलेज, काठमाडौं	रु.१५,०००।-
तृतीय	श्री श्रव्यराज पण्डित	छात्र	सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, महेन्द्रनगर, कञ्चनपुर	रु.१०,०००।-
सान्त्वना	श्री नगेन्द्र सुवेदी	छात्र	केन्द्रीय प्रविधि क्याम्पस, धरान	रु.५,०००।-
सान्त्वना	श्री नारायणप्रसाद उपाध्याय	छात्र	परमानन्द-संस्कृत-गुरुकुल-विद्यापीठम्, देवघाटधाम, तनहुँ	रु.५,०००।-

वक्तृत्वकलातर्फ पुरस्कृत

पुरस्कारको किसिम	नाम थर	छात्र/ छात्रा	शैक्षिक संस्था	पुरस्कार राशि (करबाहेक)
प्रथम	श्री बिक्रम पन्थी	छात्र	रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी	रु.२५,०००।-
द्वितीय	श्री स्वस्ती बास्तोला	छात्रा	एसओएस हर्मन माइनर सेकेण्डरी स्कुल, पोखरा, कास्की	रु.१५,०००।-
तृतीय	श्री सुस्मिता अधिकारी	छात्रा	काठमाडौं युनिभर्सिटी स्कुल अफ ल, धुलिखेल	रु.१०,०००।-
सान्त्वना	श्री लालचन भण्डारी	छात्र	परमानन्द-संस्कृत-गुरुकुल-विद्यापीठम्, देवघाटधाम, तनहुँ	रु.५,०००।-
सान्त्वना	श्री अंशु वाग्ले	छात्रा	काठमाडौं स्कूल अफ सेन्ट्रल स्टेट, कालिमाटी, काठमाडौं	रु.५,०००।-

ख. संस्थागत क्षमता विकाससम्बन्धी अन्य गतिविधिहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो चालु संस्थागत रणनीतिक योजनामा दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक रणनीतिक स्तम्भका अतिरिक्त नयाँ रणनीतिक स्तम्भको रूपमा आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धिलाई अंगीकार गरेको छ । यसअन्तर्गत आयोगको संगठनात्मक संरचना, विधि, पद्धति, स्रोतसाधनसहित संस्थागत क्षमता सुदृढ गर्ने र भ्रष्टाचारविरुद्धको कानूनी र संस्थागत दायरा फराकिलो बनाउने नीति आयोगले अवलम्वन गरेको छ । यसअनुसार आयोगको भौतिक पूर्वाधारदेखि संस्थागत सुधार र जनशक्तिको क्षमता विकासका कार्यलाई आयोगले जोड दिएको छ। भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यमा विद्यमान चुनौतीहरूको सामना गर्न आयोगले आफ्नो कार्यसम्पादन थप व्यावसायिक बनाउँदै लगेको छ । आयोगको अनुसन्धान र अभियोजनलाई थप वस्तुपरक र प्रभावकारी बनाउनका लागि सहन्यायाधिवक्ताको

संयोजकत्वमा अनुसन्धान तथा अभियोजन पूर्णता सिफारिस समिति र आरोपपत्र सुधार समितिहरू गठन गरी सक्रिय बनाइएको छ । बढ्दो उजुरीको संख्या र नयाँ शैलीमा हुने भ्रष्टाचारको अनुसन्धान गर्न डिजिटल फरेन्सिक ल्याब, इञ्जिनियरिङ ल्याब र अफिस अटोमेसनजस्ता प्रविधि प्रयोगमा ल्याइएको छ । यसका साथै आयोगले विशेष निगरानी तथा द्रुत कारबाही (Rapid Action Taskforce) टोली परिचालन गर्दै आएको छ । उजुरी गर्नमा सहजताका लागि आयोगको हटलाइन १०७, इमेल ujuri@ciaa.gov.mp का अतिरिक्त मोबाइल एप निर्माण गरेको तथा फेसबुक, टुइटर लगायत सामाजिक सञ्जालबाट समेत उजुरी प्राप्त गरी ग्रहण गर्ने गरिएको छ । यस त्रैमासिक अवधिमा आयोगले गरेका संस्थागत क्षमता विकाससँग सम्बन्धित उल्लेखनीय कार्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :-

ग. नवआगन्तुक कर्मचारीहरूलाई अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूको समुपस्थितिमा आयोगका नवआगन्तुक कर्मचारीहरूलाई लक्षित गरी मिति २०७६।१०।१२ गतेदेखि ४ दिनसम्म संचालित अभिमुखीकरण तालिम कार्यक्रम २०७६/१०/१५ गते सम्पन्न भएको छ । आयोगमा नयाँ नियुक्ति, पदस्थापना वा सरुवा भई आउने नयाँ कर्मचारीहरूलाई आयोगको कार्य प्रकृति, कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिता तथा अनुशासन, अनुसन्धान, तहकिकात तथा अभियोजन, सम्बन्धित विषयवस्तु लगायत कानूनी एवं प्राविधिक पक्षहरू समेत समावेश गरी नवप्रवेशी कर्मचारीहरूलाई सामाजिकीकरण गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ ।

अभिमुखीकरण तालिममा निर्धारित विषयवस्तुहरूमा आयोगका महाशाखा प्रमुखहरूबाट सहजीकरण गरिएको थियो भने आयोगका सचिव श्रीमान् महेश्वर न्यौपानेले सहभागीहरूका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । अभिमुखीकरण तालिममा आयोग र अन्तर्गत अनुसन्धान अधिकृत भई कार्य गर्ने ३२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

आयोगका प्रवक्ता सहसचिव श्री प्रदीपकुमार कोइरालाले तालिमको संक्षिप्त विवरण तथा सहभागीहरूका तर्फबाट तालिमबारे प्राप्त पृष्ठपोषणहरूको बारेमा जानकारी गराउँदै सुरु भएको तालिमको समापनको अवसरमा आयोगका माननीय आयुक्तद्वय डा. गणेशराज जोशीज्यू र डा. सावित्री थापा गुरुङज्यू समेतको उपस्थिति थियो ।

सो अवसरमा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यूले नवआगन्तुक कर्मचारीहरूलाई आयोगमा स्वागत गर्दै तालिममा सिकेका कुराहरू व्यवहारमा रूपान्तरणसहित कार्यसम्पादनमा निपूर्णताको आधारमा मात्र तालिमको प्रभावकारिता मापन गर्न सकिने बताउँदै कर्मचारीहरूलाई हालका दिनमा आयोगको कार्यभार अझ बढेकोले आफूलाई Role Model को रूपमा भूमिका निर्वाह गर्न निर्देशन दिनुभएको थियो ।

घ. भारतको गुजरातमा फरेन्सिक साइन्ससम्बन्धी तालिममा आयोगका २१ जना कर्मचारीको सहभागिता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपन्यायाधिवक्ता धर्मअवतार कोइरालाको नेतृत्वमा २१ जना कर्मचारी मिति २०७६ पुस २० देखि पुस २६ गते (तदनुसार २०१९ जनवरी ५ देखि ११) सम्म भारतको गुजरातस्थित गुजरात फरेन्सिक साइन्स युनिभर्सिटीमा "Prevention of Fraud Bribery and Corruption" मुख्य शीर्षक रहेको तालिममा सहभागी भएका छन्। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगअन्तर्गत सञ्चालित उक्त तालिम कार्यक्रममा प्रशिक्षार्थीहरूले भारत सरकार र गुजरात सरकारको उच्च तहका सरकारी अधिकारीहरू, गुजरात फरेन्सिक साइन्स युनिभर्सिटीका प्राध्यापकहरू तथा अन्य फरेन्सिक साइन्सका विज्ञहरूबाट ६ दिनसम्म तालिम लिएका थिए। तालिमले मुख्यतः कसरी न्याय प्रणाली तथा अदालती प्रक्रियामा विज्ञानको प्रयोग बढाई न्याय प्रणालीको विश्वसनीयतालाई अझ बढी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा जोड दिइएको थियो । उक्त कार्यक्रममा प्रशिक्षार्थीहरूले भारत सरकारले अनुसन्धान कार्यमा के-कसरी फरेन्सिक साइन्सको प्रयोग गरी सफलता प्राप्त गरिरहेको छ भन्ने बारेमा महत्वपूर्ण जानकारी हासिल गरी अनुभव आदन प्रदान गरेका थिए ।

ङ. थाइल्यान्डको बैंककस्थित AIT मा भ्रष्टाचार नियन्त्रणसम्बन्धी तालिममा आयोगका २१ जना कर्मचारीहरूको सहभागिता

थाइल्यान्ड बैंककस्थित Asian Institute of Technology (AIT) मा मिति २०७६ पुस २७ देखि माघ ७ गते (तदनुसार २०१९ जनवरी १२ देखि २१) सम्म सञ्चालित "Effective Corruption Eradication Strategy" नामक तालिम कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका २१ जना कर्मचारीहरू सहभागी भएका छन् । उक्त तालिम कार्यक्रममा आयोगको कार्यालय इटहरीका कार्यालय प्रमुख सहसचिव चक्रबहादुर बुढाको

नेतृत्वको कर्मचारीहरूको टोलीले थाइल्यान्डमा भ्रष्टाचारविरुद्धको प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था, संरचनागत संयन्त्रहरू, अनुसन्धान तथा अभियोजनसम्बन्धी कार्यविधिहरू, अनुसन्धान कार्य तथा अन्य सार्वजनिक सेवा प्रवाहमा प्रयोग भएका विभिन्न नवीनतम प्रविधिहरू लगायतका विषयमा महत्वपूर्ण प्रशिक्षण प्राप्त गर्नुका साथै नेपाल र थाइल्यान्डमा भ्रष्टाचार नियन्त्रणका लागि भएका सकारात्मक अभ्यासहरू बारे अनुभव आदान प्रदान गरेका थिए । उक्त तालिम अवधिमा प्रशिक्षार्थीहरूले सैद्धान्तिक ज्ञानको अलावा थाइल्यान्डमा भ्रष्टाचारविरुद्ध तथा न्यायको पक्षमा क्रियाशील विभिन्न सरकारी निकायहरूमा गई ती निकायहरूको संवैधानिक, कानूनी, व्यवस्थापकीय तथा कार्यसम्पादनको अवस्थाको बारेमा महत्वपूर्ण जानकारी लिएका थिए।

थाइल्यान्डको राजधानी बैंककमा सञ्चालित उक्त तालिम कार्यक्रमको समापन समाहरोमा आयोगको तर्फबाट माननीय आयुक्त डा. गणेशराज जोशी र सहसचिव काशीराज दाहाल सहभागी हुनुभएको थियो । तालिमको समापन समारोहलाई नेपालको तर्फबाट माननीय आयुक्त डा. गणेशराज जोशीज्यूले सम्बोधन गर्नुभएको थियो । साथै उहाँले प्रशिक्षार्थी कर्मचारीहरूलाई प्रमाणपत्र पनि वितरण गर्नुभएको थियो ।

तालिमसम्बन्धी विवरण र सिकेका विषयहरूका सम्बन्धमा प्रस्तुति गर्न आयोगको सभाहलमा मिति २०७६।१०।९ गते एक कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा तालिममा सहभागी सम्पूर्ण २१ जना कर्मचारीको तर्फबाट टोलीको नेतृत्वकर्ता सहसचिव चक्रबहादुर बुढाले प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतीकरण कार्यक्रममा माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेज्यू, माननीय आयुक्तद्वय डा. गणेशराज जोशीज्यू र डा. सावित्री थापा गुरुङज्यू, श्रीमान् सचिव महेश्वर न्यौपानेज्यू, महाशाखा प्रमुखज्यूहरू तथा तालिममा सहभागी भई फर्केका कर्मचारी तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । प्रस्तुतीकरणमा विशेष गरी प्रशिक्षार्थीहरूको दैनिक गतिविधि, थाइल्यान्डमा भ्रष्टाचारविरुद्ध क्रियाशील विभिन्न सरोकारवाला निकायका गतिविधिहरू, नेपालले थाइल्यान्डको भ्रष्टाचारविरुद्धको प्रयासबाट सिक्नसक्ने विषयहरू तथा नेपालले गर्नसक्ने सुधारका विषय तथा सुझावहरू समेटिएको थियो ।

प्रतिवेदन प्रस्तुतीकरणपश्चात प्रशिक्षार्थी तथा अन्य सहभागीहरूलाई निर्देशन दिँदै माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेले तालिममा कर्मचारीहरूको सिकाइ र तालिमको प्रभावकारिताबारे आगामी दिनमा कार्मचारीहरूको कार्यसम्पादन स्तरबाट प्रदर्शित हुने

बताउनुभयो । साथै उहाँले आगामी दिनमा तालिममा मनोनयन गर्दा कार्यसम्पादनको आधारमा गरिने बताउनुभयो । सोही अवसरमा उहाँले कर्मचारीहरूलाई अनुसन्धानमा रहेका फाइलहरूलाई छिटो निष्कर्षमा पुऱ्याउन निर्देशन दिनुभयो । प्रस्तुतीकरणपश्चात प्रशिक्षार्थीहरूलाई निर्देशन दिँदै आयोगका श्रीमान सचिव महेश्वर न्यौपानेले संस्थागत क्षमता विकासअन्तर्गत कर्मचारीहरूको क्षमता विकास एक प्रमुख पक्ष रहेको बताउँदै तालिमका क्रममा सिकेका अनुसन्धानसम्बन्धी आधारभूत सिद्धान्तलाई आगामी दिनमा अनुसन्धान कार्यमा प्रयोग गर्न सुझाव दिनुभयो ।

च. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको केन्द्रमा बाह्रवटा महाशाखाहरू सहित ४९५ जनाको दरबन्दी रहेको छ । त्यसैगरी मातहत ७ वटा आयोगका कार्यालयहरू र १ सम्पर्क कार्यालयमा (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज) ४३२ जनाको दरबन्दी गरी आयोगअन्तर्गत कुल ९२७ जना कर्मचारी दरबन्दी रहेको छ ।यो बुलेटिन प्रकाशन गरेको मितिमा भने आयोगको नयाँ संगठन तथा व्यवस्थापन सर्भे **(O & M)** स्वीकृत भई तदअनुरूप संगठन संरचना र दरबन्दीमा केही हेरफेर भएको छ ।

श्रेणी/कार्यालय	टंगाल	इटहरी	बर्दिवास	हेटौंडा	पोखरा	बुटवल	नेपालगंज	सुर्खेत	कंचनपुर	जम्मा
विशिष्ट	१	०	०	०	०	०	०	०	०	१
रा.प.प्रथम	१३	१	१	१	१	१	०	१	१	२०
रा.प. द्वितीय	५९	४	४	४	४	४	१	४	४	८८
रा.प.तृतीय	९७	१४	१५	१४	१४	१२	५	१४	१४	१९९
रा.प.अनं.प्रथम	११८	१५	१६	१५	१५	१३	१०	१५	१५	२३२
रा.प.अनं. द्वितीय	२५	२	४	२	२	२	३	२	२	४४
रा.प.अनं.तृतीय	२५	४	४	४	४	३	२	४	४	५४
रा.प.अनं.चतुर्थ	६२	७	७	७	७	६	४	७	७	११४
श्रेणी विहीन	९५	१०	११	१०	१०	१०	८	१०	१०	१७३
जम्मा	४९५	५७	६२	५७	५७	५१	३४	५७	५७	९२७

आयोगमा उपरोक्तअनुसारको स्वीकृत दरबन्दीका अनुसार स्थायी कर्मचारीका अतिरिक्त करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह भएको छ । आयोगमा कम्प्युटर अपरेटर,

हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा जम्मा ४५ जना व्यक्तिहरू करारमा कार्यरत रहेका छन् ।

३. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण

आर्थिक वर्ष २०७६/७७ को बजेट विनियोजन र तेस्रो त्रैमासिक खर्चको विवरण देहाय अनुसार छः

बजेट उप-शीर्षक	वार्षिक विनियोजित बजेट रु.	दोस्रो त्रैमासिकसम्ममा खर्च रकम रु.	तेस्रो त्रैमासिकको खर्च रकम रु.	जम्मा खर्च रु.
चालु खर्च (२०६०११३)	५९,९९,३५,०००।-	२३,३७,३४,४२६।४३	८,९६,१४,६५४।३०	३२,३३,४७,४५०।२१
पुँजीगत खर्च (२०६०११४)	९,३६,४०,०००।-	९३,७००।-	५२,६०,४००।-	५३,५४,१००।-

आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रैमासिक अवधिको धरौटी र राजस्वको विवरण देहायअनुसार छः

	दोस्रो त्रैमासिकको जम्मा रकम रु.	तेस्रो त्रैमासिकको आम्दानी रकम रु.	धरौटी फिर्ता रकम रु.	जम्मा मौजाद रकम रु.
धरौटी	२,७३,३७,०१५।०६	१४,३८,८३५।५०	१९,०३,३३१।८०	२,६८,७२,५१८।-
राजस्व	९३,६१,६३४।-	८०,१९,१५५।००	०	१,७३,८०,७८९।-

४. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सूचना दिएको विषय

यस आ.व.को तेस्रो त्रैमासिक अवधि माघदेखि चैतसम्ममा यस आयोगमा सूचनाको माग गरी परेका निवेदनको संख्या ८७ रहेको छ । सूचना माग गरी परेका उक्त निवेदनहरूमध्ये ६९ वटा निवेदकलाई नियमानुसार सूचना उपलब्ध गराइसकिएको छ । १६ वटा निवेदनमा नियमानुसार सूचना उपलब्ध गराउन नसकिएको निर्णय गरी सोही व्यहोरा सम्बन्धित निवेदकलाई टेलिफोनबाट जानकारी गराइसकिएको छ । साथै २ वटा निवेदन निर्णयको प्रक्रियामा छ ।

यसका साथै आयोगसमक्ष सूचना माग गर्नका लागि संलग्न गर्नुपर्ने आवश्यक कागजात सहितको निवेदनको ढाँचा निश्चित गरी यस आयोगको वेबसाइटमा प्रकाशन गरिएको छ। यसका अतिरिक्त सूचना माग गर्ने निवेदकहरूले *suchana@ciaa.gov.np* भन्ने ई-मेलमा सिधै उक्त ढाँचा बमोजिमको सूचना मागको निवेदन पठाउन सक्ने र यसरी सूचना मागको निवेदन पठाउँदा उक्त निवेदनसाथ आवश्यक कागजात संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५. आयोगको वेबसाइट र सोको विवरण

आयोगको वेबसाइट www.ciaa.gov.np रहेको छ । उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरूको परिचय, गठन, सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरूको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरू सूचीकृत गरिएको छ । यसका अलावा अनलाइनमार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरू सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरू सजिलैसँग आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ । आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएको छ ।

गुनासो/उजुरीका लागि

हटलाइन नं.: १०७ (उजुरीका लागि)

टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरीका लागि)

टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)

भाइबर नं.: +९७७-९८६३३३३१९१ (भाइबर/SMS मार्फत उजुरीका लागि)

फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)

ई-मेल : ujuri@ciaa.gov.np (ई-मेल मार्फत उजुरीका लागि)

फेसबुक: /NepalCIAA (उजुरी Messages गरेर)

ट्विटर: @ciaa_nepal (उजुरी Messages गरेर)

हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर

अनुसूचीहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण (२०७६ माघदेखि २०७६ चैतसम्म)

१. आयोगको स्वरूप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नका लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । जसअनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू

माननीय प्रमुख आयुक्त	श्री नवीनकुमार घिमिरे
माननीय आयुक्त	डा. गणेशराज जोशी
माननीय आयुक्त	डा. सावित्री थापा गुरुङ

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरू र एउटा सम्पर्क कार्यालय रहेका छन् ।

सि. नं.	कार्यालयको नाम	कार्यालयको फोन नं.	फ्याक्स नं.
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं	हट लाइन नं. १०७ ०१५२६२१५१	०१-५२६२१२८ ०१५२६२१०४
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	०२५-५८६९७०	०२५-५८५६००
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास	०४४-५५०६८६	०४४-५५०५३१
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	०५७-५२१७४४	०५७-५२०३६९
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	०६१-५४०४५१	०६१-५४०४५२
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	०७१-५४०८३७ ०७१-५४००३१	०७१-५४०८२३
	क. बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज	०८१-५५०६२६, ०८१-५५०६२७	०८१-५५०४२६
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	०८३-५२१९६० ०८३-५२३१७८	०८३-५२३८८४
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	०९९-५२४२६३ ०९९-५२१११७	०९९-५२२७९५

२. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानूनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानूनबमोजिम हुनेछ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउनेसम्बन्धी व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानूनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ । जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुने गरेका छन् :-

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने ।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

२.१ संस्थागत रणनीतिक योजना (आ.व. २०७६/७७ - २०८०/८१)

आयोगको ६ वर्षे संस्थागत रणनीति (सन् २०१४-२०१९) चालु आ.व. २०७६/७७ मा सम्पन्न भएको छ । साथै चालु आ.व. २०७६/७७ बाट नै लागू भएको आयोगको नयाँ संस्थागत रणतीतिक योजना (आ.व. २०७६/७७ - २०८०/८१) मिति २०७६ मंसिर २३ गते सार्वजनिक भई मिति २०७६ पुस १६ गतेबाट कार्यान्वयनमा आएको छ । आयोगको यस पञ्चवर्षीय योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू देहाय अनुसार रहेका छन् :-

२.१.१ **दूरदृष्टिः** भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण ।

२.१.२ **लक्ष्यः** राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल/सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने ।

२.१.३ **उद्देश्यः** आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधिमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने ।

माथि उल्लिखित दूरदृष्टि, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न योजनाले निम्नानुसारका महत्वपूर्ण ४ वटा रणनीतिहरू, १२ वटा नीतिहरू र सो अन्तर्गत ६६ वटा कार्यनीति अंगीकार गरेको छ ।

२.१.४ रणनीतिहरू

१. भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारीरूपमा गर्ने ।
२. कानूनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध पक्षहरूलाई जिम्मेवार बनाउने ।
३. सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय संजाल र ऐक्यबद्धता अभिवृद्धि गर्ने ।
४. आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।

२.१.५ आयोगका नीतिहरू

१. आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई वस्तुनिष्ट र विश्वसनीय बनाउने ।
२. भ्रष्टाचार निगरानी प्रणाली (Corruption Watch Systen) को विकास गरी अनुसन्धान एवं निगरानी गर्ने ।
३. भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्र (Information Management and Intelligence Mechanism) सुदृढ गर्ने ।

४. भ्रष्टाचारसम्बन्धी मामलाहरूको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन गर्ने ।
५. नीतिगत तथा संस्थागत भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न निकायहरूसँग समन्वय, साझेदारी तथा सहकार्य गर्ने ।
६. सार्वजनिक निकायहरूलाई भ्रष्टाचारविरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गर्ने ।
७. भ्रष्टाचार निवारणसम्बन्धी विषयमा नवीनतम खोज, अध्ययन, अनुसन्धान गर्ने ।
८. भ्रष्टाचारविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सञ्जालीकरण गर्ने ।
९. भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।
१०. भ्रष्टाचारविरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिबद्धता अभिवृद्धि गर्ने ।
११. आयोगको संगठनात्मक संरचना, विधि, पद्धति, स्रोतसाधनसहित संस्थागत क्षमता सुदृढ गर्ने ।
१२. भ्रष्टाचारविरुद्धको कानूनी र संस्थागत दायरा फराकिलो बनाउने ।

३. आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानूनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानूनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचारसम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरूमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधीन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुँदैन । त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुँदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यसैगरी आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारबाही उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मूल दर्ता शाखा जिम्मेवार रहन्छ । हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइबर तथा इ-मेलमार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल उपलब्ध गराउन आयोगको तामेली शाखाको शाखा प्रमुख जिम्मेवारी हुन्छन् ।

यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना समन्वय शाखा प्रमुख एवं सूचना अधिकारीको हुन्छ ।

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतया कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग्न आएमा प्रति पाना रु. ५।- दस्तुर लाग्ने र निवेदन दिएको भोलिपल्ट सम्बन्धित सरोकारवाला नेपाली नागरिकले सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने तथा दस पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रतिपेज रु. ५।- दस्तुर लाग्दछ ।

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

क. उजुरीसम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरू दर्ता पश्चातः स्क्रिनिङ कमिटीमा उजुरीको सम्बन्धमा छलफल भई अनुसन्धान गर्नुपर्ने उजुरीहरू सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरू वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरूमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरू तामेलीमा राखी लगत कट्टा गर्न सिफारिस भएका आधारमा आयोगबाट निर्णय हुने गर्दछ ।
- स्क्रिनिङ कमिटी, महाशाखा वा मातहतका कार्यालयहरूको सिफारिसमा प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

ख. नक्कल र सूचना लिनेसम्बन्धी प्रक्रिया

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनुपर्ने ।
- निवेदनसाथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरणसहित सरोकार देखिने व्यहोरा खुलाउनुपर्ने ।
- निवेदनमा कुनकुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनुपर्ने ।
- सकेसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्बर खुलाउनुपर्ने ।
- नक्कलका लागि परेको निवेदनमाथि कारबाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकिदिएबमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।
- नक्कलका लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनुपर्ने ।
- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्बर अनिवार्य रूपमा खुलाउनुपर्ने ।

ग. निर्णय गर्ने अधिकारी

सचिव श्री सुरेश अधिकारी ।

७. निर्णयउपर उजुरी सुन्ने अधिकारी

सचिव श्री सुरेश अधिकारी ।

८. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुखः- सचिव श्री सुरेश अधिकारी

सह-सचिव एवं प्रवक्ताः- प्रदीपकुमार कोइराला ९८५१२३३२८१

सूचना अधिकारीः- उप-सचिव गणेशबहादुर अधिकारी ९८५११८७३०८

सहायक सूचना अधिकारीः- शाखा अधिकृत रामहरि पाण्डे ९८५१०१३९५७

आयोग मातहतका ७ वटा कार्यालयहरूका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरूको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ :-

कार्यालयको नाम	सूचना अधिकारीको नाम	सम्पर्क टेलीफोन नं.
अ.दु.अ.आ. कार्यालय, इटहरी	उप-सचिव श्री ज्ञानेन्द्र प्रसाद ढकाल	९८५२०७०३३३
अ.दु.अ.आ. कार्यालय, बर्दिवास	उप-सचिव श्री हरिप्रसाद घिमिरे	९८४१३६४०४३
अ.दु.अ.आ. कार्यालय, हेटौंडा	उप-सचिव शिवराज रेग्मी	९८४५८२८४०५
अ.दु.अ.आ. कार्यालय, पोखरा	उप-सचिव श्री मेघनाथ रिजाल	९८४९०२७०२२
अ.दु.अ.आ. कार्यालय, बुटवल	शा.अ. सुरेश भुसाल	९८५७०६३१४६
अ.दु.अ.आ. कार्यालय, सुर्खेत	शा.अ. श्री मेघनाथ सापकोटा	९८४८०२८१०४
अ.दु.अ.आ. कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज	शा.अ. श्री लोकमणि पाण्डे	९८५८०४५७८८
अ.दु.अ.आ.कार्यालय, कन्चनपुर	उप-सचिव श्री टोपबहादुर विष्ट	९८५११३८६८८

९. संविधान, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

१०. तोकिएबमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चालु आ.व. मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरू देहायबमोजिम रहेका छन्:

- आयोगको २९ औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७५/७६)
- आयोगको २९ औं वार्षिक प्रतिवेदनको सारांश
- अख्तियार बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजिरहरूको सारसंक्षेप
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६

११. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरू

- सामुदायिक शिक्षा कार्यक्रम
- अन्तर्क्रिया कार्यक्रम
- समन्वय बैठक
- वैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

१२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०७५/७६ मा गरेका कार्यहरूको वार्षिक प्रतिवेदन अघिल्लो त्रैमासिकमा नै सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस भइसकेको र सोको डिजिटल प्रति आयोगको वेबसाइटमा प्रकाशित गरिसकिएको छ ।

१३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको हकसम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरू आयोगको वेबसाइटमार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ ।